# अध्याय : एक
# शोधको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड्) दोस्रो वर्षको (नेपा.शि. ५९८) पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

पाठ्यक्रमका आधारमा पाठ्य पुस्तकको निर्माण गरिन्छ । पाठ्य पुस्तक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि महत्त्वपूर्ण साधनका रुपमा रहेको हुन्छ । पाठ्य पुस्तकमा विविध विधाहरू समेटिन्छन् । नेपाली भाषा पाठ्य पुस्तकमा भाषिक सिप विकासका लागि कथा विधा राखिएको हुन्छ । भाषा पाठ्य पुस्तक र त्यसमा समावेश कथाहरू सैद्धान्तिक मात्र नभएर वैज्ञानिक र वर्तमान समय सुहाउँदो हुनुपर्छ । उ.मा.वि. तहमा समावेश गरिएका कथाहरूले विद्यार्थीको रूचि, चाहना र स्तरको ख्याल गरिनु पर्दछ । यस्ता कथाहरू काल्पनिक र अध्यात्मवादी हुनु हुँदैन । अहिलेसम्म उ.मा.वि. तहको नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको अनुसन्धान नहुनु पनि समस्या हो । त्यसैले विद्यार्थीको रूचि र स्तर अनुरूप कथाहरू भए नभएको विषयलाई समस्याको रूपमा लिइएको छ । पाठ र अभ्यासको तालमेल मिल्नु पर्दछ भन्ने हेतुले यो अनुसन्धान गर्न थालिएको छ । प्रस्तुत अध्ययनका निम्न लिखित समस्याहरू रहेका छन् :

क)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको छनोट र स्तरण मिलेको छ वा छैन ?

ख)	कथाहरू पाठ्यक्रमको उद्देश्य अनुरूप छन् वा छैनन् ?

ग)	कथाका पाठहरू भाषिक सिप विकास गर्न के कति उपयोगी छन् ?

घ)	कथाका पाठहरू अनुसार अभ्यास छन् वा छैनन् ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्र अध्ययनका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन गर्नु,

ख)	कथाका पाठहरूको शैक्षणिक उपयोगिताको पहिचान गर्नु,

ग)	पाठ र अभ्यास खण्डको सम्बन्ध पहिचान गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको प्रारम्भ पूर्व त्यस सम्बन्धी भए गरेका कार्यहरूको समीक्षात्मक अध्ययन गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । प्रस्तुत शोधपत्रमा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकका कथाहरूको अध्ययन विश्लेषण गर्नु पर्ने भएकाले यस अध्ययनसँग सम्बन्धित भएका पूर्व अध्ययन अनुसन्धानहरूको पुनरावलोकन गर्नु उपयुक्त हुन्छ । प्रा.वि. देखि मा.वि. सम्मका नेपाली पाठ्य पुस्तकमा रहेका कथा विधाको खोज अनुसन्धान भएपनि उच्च मा.वि. तहको नेपाली विषयमा समावेश कथा विधाको अध्ययन अनुसन्धान भएको पाइँदैन । तसर्थ उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका कथाका पाठहरूको विश्लेषण गरेर निष्कर्ष निकालिएको छ ।

नेपाली भाषाका माध्यमले शिक्षा विषयको अध्ययन विश्लेषण क्रमशः हुँदै गएको पाइन्छ । विस्तारै विद्यार्थी केन्द्रित शिक्षण विधि र शैक्षिक सामग्रीको अध्ययन विश्लेषण हुन थालेको छ । यसरी २०४४ सालमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा नेपाली भाषाका प्रा.वि. र माध्यमिक पाठ्यक्रम र पाठ्य पुस्तकको विश्लेषण गरिएको छ ।

त्यस अध्ययनमा पनि कथाको विवेचना गरिएको छ । उक्त अनुसन्धानले भाषिक सिपको सम्बन्धमा प्रकाश पार्न सकेको छैन ।

डिल्लीराम रिमाल (२०५३) द्वारा लिखित **नेपाली शिक्षामा कथा शिक्षणको उद्देश्य** नामक पुस्तकमा कथा शिक्षणका बारेमा चर्चा गरिएको छ । यसमा कथा शिक्षणले मानसिक र मनोवैज्ञानिक पक्षको विकास गराउछ भन्ने विषयमा अध्ययन गरिएको छ । यसमा कथा शिक्षण गरिनुको कारण सहित वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । कथा शिक्षणले भाषिक सिप, सुनाइ, बोलाइ, पढाइ र लेखाइको एक साथ विकास हुने निष्कर्ष निकालिएको छ ।

टीकादत्त पोखरेल (२०५५) द्वारा तयार पारिएको **माध्यमिक तहको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन** नामक शोधपत्रमा मा.वि. तहका कथाहरूको पाठ्यक्रम अनुरूपता पत्ता लगाउनु, कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्नु, अभ्यासको विश्लेषण गर्नु, छनोट र स्तरणका आधारमा कथाको समीक्षा गर्नुका साथै सुझाव सहित दिने उद्देश्यहरू राखेर अध्ययन गरेको पाइन्छ । यसमा कथाको संरचना, वाक्य गठन, व्याकरण पाठको प्रयोजन र अभ्यासको समीक्षा गरेको पाइन्छ । उक्त शोधपत्रमा शब्दार्थ पाठको अगाडि राखेको, एकै किसिमको शीर्षक नभएको र अभ्यासका प्रश्नले विषय वस्तु समेट्न नसकेको निष्कर्ष निकालिएको छ ।

भानुभक्त रेग्मी (२०५६) द्वारा तयार गरिएको शोधपत्रमा **शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली किताबका कथाका पाठहरूको विश्लेषण** नामक शोधपत्रमा शैक्षणिक प्रयोजनका दृष्टिले कथाको विश्लेषण गरिएको पाइन्छ । यसमा कथा विधाका लागि छुट्याइएको अङ्कभारको कमी, नीतिमूलक कथाको अभाव, भाषिक संरचना, शब्दभण्डार सम्बन्धी छनोट र स्तरण नमिलेको, व्याकरण अभ्यासको क्रम नमिलेको, उखान टुक्काको प्रयोगमा कमी जस्ता निष्कर्ष निकालिएको छ ।

यादव प्रकाश लामिछाने (२०५७) द्वारा लिखित **नेपाली भाषा शिक्षणको परिचय** नामक पुस्तकमा भाषा पाठ्यक्रमको सामान्य रूपमा विश्लेषण गरिएको पाइन्छ । उक्त पुस्तकमा कथा शिक्षणको प्रयोजन, कथा शिक्षणका विधि र कार्यकलापको चर्चा गरिएको

छ । भाषिक सिप विकासतर्फ बोध तथा सिर्जनात्मक शक्तिको विकास, कल्पना शक्ति, चारित्रिक विकास गराउने कुरा पनि उल्लेख गरिएको छ ।

हेमाङ्ग राज अधिकारी र केदार प्रसाद शर्मा (२०५७) द्वारा लिखित **प्रारम्भिक नेपाली शिक्षण** मा कथा सम्बन्धी चर्चा गरिएको छ । यसमा कथा शिक्षणका माध्यमबाट बालबालिकाहरूमा शब्दभण्डारको विकास गर्ने, भाषिक क्षमता बढाउनका साथै कल्पना शक्ति बढाउने कुरा उल्लेख गरिएको छ । कथा पढेर वा सुनेर पात्र वा घटना परिवर्तन गरी त्यसै किसिमका अन्य कथाहरू लेख्न लगाएर सिर्जनात्मक सिप बढाउन सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । यसमा विद्यालय तहमा राखिएका लोक तथा आधुनिक कथाहरू पढेर तथा सुनेर विद्यार्थीहरूले सृजनात्मक सिप हासिल गर्न सकिने महत्त्व स्पष्ट पारिएको छ ।

दुर्गा खनाल (२०५९) को **कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन** नामक शोधपत्रमा उक्त पाठ्य पुस्तकमा रहेका कथाको सिपगत, अभ्यासगत, शब्दभण्डार, शब्दको छनोट, शब्दको स्रोत, शब्दवर्ग, संरचना सम्बन्धी वर्गीकरण र भाषा पाठ्य पुस्तकमा समाविष्ट कथा विधा सम्बन्धी संरचनाका हिसाबले वर्गीकरण तथा तुलना गर्नु र कमी कमजोरी औंल्याई उपयुक्त कथा संयोजन गर्न आवश्यक सुझाब दिने उद्देश्य रहेको छ । उक्त अध्ययनका उद्देश्यहरू पुरा गर्न अध्ययनका सीमाहरूमा कथाको सिप, शब्द भण्डार र संरचना जस्ता शिक्षणीय तत्त्वका आधारमा दाँज्नु, वर्गीकरण गर्नु, स्तर निर्धारण गर्नुका साथै पाठ्यक्रममा आधारित नेपाली पाठ्यपुस्तमा भएका कमी कमजोरी औंल्याई सुधारका लागि सुझाब समेत दिइएको छ ।

इलोमा भट्टराई (२०६१) द्वारा गरिएको **कक्षा ७ को नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** शोधपत्रमा कथाका पाठहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउनु, कथाहरूको प्रयोजन पहिल्याउनु, उद्देश्य अनुसार अभ्यासको विश्लेषण गर्नु, छनोट र स्तरणका आधारमा कथाको समीक्षा गरेर नि.मा.वि. तहका लागि उपयुक्त हुने कथाहरू समावेश गर्न सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । कथाको लम्बाई समानुपातिक हुनु पर्ने सुझाव दिइएको पाइन्छ । वर्णनात्मक, उत्पादनात्मक, आगमनात्मक र नमुना छनोट पद्धतिको प्रयोग

गरिएको पाइन्छ । यस तहमा अङ्क तोकिएको तर समय नतोकिएको निष्कर्ष निकालिएको छ ।

नवराज जैसी (२०६८) द्वारा तयार गरिएको **कक्षा ६ को हाम्रो नेपाली पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको शैक्षणिक उपयोगिताको अध्ययन** नामक शोधपत्रमा कथाको शैक्षणिक प्रयोजन वा उपयोगिता पहिल्याउनु, भाषिक सिप विकास गर्नु, शब्दको आवृत्ति गणना गर्नु, पाठ र अभ्यासको सम्बन्ध र पाठ्यक्रम अनुरूपता सम्बन्धी अध्ययन विश्लेषण गर्ने उद्देश्य रहेको पाइन्छ । पुस्तकालय अध्ययन विधि र वर्णात्मक विधि र विश्लेषणात्मक विधिको प्रयोग गरिएको पाइन्छ । यसमा व्याकरण र कथाका पाठको समेत विश्लेषण गरिएको पाइन्छ । जसमा कथाहरूको छनोट र स्तरण नमिलेको, विद्यार्थीको रूचि र स्तर अनुरूप नभएको पाठ अनुसार वस्तुगत प्रश्नहरू र व्याकरण नसमेटिएको निष्कर्ष निकालिएको छ ।

यसरी हेर्दा कथा सम्बन्धी अग्रज शोधार्थीहरूले मा.वि. तहको पाठ्य पुस्तकमा समावेश कथाका पाठहरूको अध्ययन विश्लेषण गरेको पाइए पनि उच्च माध्यमिक तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन कही कसैबाट पनि भएको अध्ययताले भेटाएन । अतः यस शीर्षकमा अध्ययन अनुसन्धान गर्नु पर्ने देखी अध्ययन गरिएको हो ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

भाषिक सिपहरूको विकासमा कथा विधाको महत्त्वपूर्ण स्थान रहन्छ । साहित्यका अन्य विधाहरूभन्दा कथा विधाले भाषाका चारवटै सिप विकासमा मद्दत पुऱ्याउँछ । त्यसै हेतुले नै नेपाली भाषा पाठ्य पुस्तकमा कथा विधालाई समावेश गरिन्छ । पाठ्यक्रमका उद्देश्य परिपूर्ति गर्नलाई भाषा पाठ्य पुस्तक निर्माण गरिन्छ । उक्त पाठ्यपुस्तकमा कथा लगायत साहित्यका अन्य विधाहरू समेटिन्छन् । कथा विधाबाट विद्यार्थीहरूले आफ्नो व्यवहारमा परिवर्तन गर्नुका साथै शब्दभण्डार क्षमताको वृद्धि समेत गर्दछन् । कथाका माध्यमबाट उखान, टुक्का र निपातको समेत जानकारी पाइन्छ । कथा शिक्षणको प्रमुख उद्देश्य नै भाषाका सिपको विकास गराएर विद्यार्थीको व्यवहारमा परिवर्तन गराउनु रहेको हुन्छ ।

कुनै पनि तहमा समावेश गरिने कथाहरू पाठ्यक्रमको उद्देश्य अनुरूप हुनुपर्छ । उक्त कथाहरू विद्यार्थीको स्तर सुहाउँदो, उमेर सुहाउदो र रूचिपूर्ण हुनुका साथै व्यवहारमा परिवर्तन गराउने खाले हुनुपर्छ । कथा सुबोध हुनुका साथै यथार्थमा आधारित हुनु पर्दछ । विद्यार्थीहरूको चाहना अनुरूप बानीको निर्माण गर्न सक्ने कथा मात्र सम्बन्धित तहका पाठ्य पुस्तक निर्माता तथा सम्पादकले उचित छनोट र स्तरण गर्नु पर्दछ । नैतिक कथामा आधारित विषयवस्तु, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, यथार्थवादी आदि विषयवस्तुका कथा समावेश गरिनु पर्छ । यस अध्ययनले विद्यार्थीलाई कथा विधाबाट भाषिक सिप र व्यवहारमा परिवर्तन गर्न सहयोग पुग्ने छ । यस अध्ययनले भावी अनुसन्धातालाई लेखक, शिक्षक, पाठक, साहित्यप्रेमी, शिक्षाप्रेमी र विद्यार्थीहरूलाई समेत सहयोग पुग्ने छ । यसरी कथाको क्षेत्र र क्रम, स्तरण र छनोट मिले नमिलेको कथाको प्रयोजन, भाषिक सिप र कथाको वर्गीकरण प्रक्रिया सम्बन्धी कुरामा शिक्षकलाई सहयोग पुग्ने छ । यसका अतिरिक्त शब्द भण्डार, वाक्य गठन प्रक्रिया र अभ्यास सम्बन्धी पनि सहयोग पुऱ्याउने देखिन्छ । त्यसैले यसको आवश्यकता र उपयोगिता रहेकोले यो अनुसन्धान औचित्यपूर्ण हुने विश्वास गरिन्छ ।

## १.७ अध्ययन विधि

अध्ययन अनुसन्धान कार्य आफैमा जटिल र गहन कार्य भएकाले विविध विधिको प्रयोग गरेर अध्ययन अनुसन्धान गरिन्छ । यस अध्ययनको अनुसन्धान पुस्तकालयमा रहेका र अन्य उपलब्ध भएका साधनका साथै शिक्षक र विद्यार्थीबाट सामग्री सङ्कलन गरि अध्ययन गरिएको छ । आफ्ना गुरू वर्ग, बुद्धिजीवी र अग्रज शोधकर्ताहरूको राय सल्लाहलाई समेत सहयोगी सामग्रीका रूपमा लिइएको छ । अध्ययनका क्रममा पुस्तकालय पद्धतिमा आधारित वर्णनात्मक ढाँचाका साथै स्थलगत अध्ययन पद्धतिलाई समेत उपयोगमा ल्याइएको छ ।

### क) अध्ययनका स्रोतहरू

#### अ) प्राथमिक स्रोत

प्रस्तुत शोध शीर्षकमा शोधकार्य गर्नका लागि प्राथमिक स्रोतका रूपमा विद्यार्थी र शिक्षकहरूबाट प्राप्त सूचना सङ्कलन गरी विश्लेषण गरिएको छ ।

#### आ) द्वीतीय स्रोत

पूर्ववर्ती शोधार्थीहरूका मिल्दा शोधहरू, पुस्तकहरू, पत्रिका, शब्दकोश र बुलेटिनलाई द्वीतीय स्रोतका रूपमा लिइएको छ । सम्बन्धित विषयका विशेषज्ञहरू, अनुसन्धानकर्ता, गुरू वर्ग तथा विषय विज्ञका सुझाब सल्लाह र मार्ग दर्शनलाई समेटिएको छ ।

### ख) अध्ययनको जनसंख्या र नमुना छनोट

यस अनुसन्धानका लागि कैलाली जिल्ला क्षेत्र नं. २ का उ.मा.वि. विद्यालयहरू मध्ये सुगरखाल, चुहा र बलिया गा.वि.स. का पाँचवटा विद्यालयहरू छनोट गरिएको छ । यस अध्ययनको जनसङ्ख्याको रूपमा ती उ.मा.वि.मा अध्ययनरत ३० जना विद्यार्थीलाई चिठ्ठा प्रणालीद्वारा छनोट गरी पाठ, पाठमा भएका अभ्यास र व्याकरण आदिका बारेमा आवश्यक प्रश्न निर्माण गरि सामग्री सङ्कलन गरिएको छ । साथै सम्बन्धित विद्यालयका ५ जना नेपाली विषय शिक्षकहरूलाई समेत छनोट गरी अध्ययनसँग सम्बन्धित प्रश्न गरी आवश्यक अन्तर्वार्ता गरेर निष्कर्ष निकालिएको छ ।

### ग) सामग्री निर्माण र तथ्याङ्क सङ्कलन

यस अनुसन्धानमा नमुना छनोटमा परेका नेपाली विषय शिक्षकहरू तथा विद्यार्थीहरूसँग प्रश्नावली तयार गरी तथ्याङ्क सङ्कलन गरिएको छ । साथै छनोटमा परेका उक्त विद्यालयका विद्यार्थीहरूलाई प्रश्नावली तयार पारी अध्ययनसँग सम्बन्धित प्रश्नावली सोधेर सामग्री सङ्कलन गरिएको छ । शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त सूचनाका साथै पुस्तकालय अध्ययनबाट प्राप्त द्वितीय स्रोतको समेत विश्लेषण र व्याख्या

गरी निष्कर्ष निकालिएको छ र आवश्यक सुझाब समेत पेश गरी शोध अध्ययनलाई पूर्णता दिइएको छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र र सीमा यस प्रकार रहेका छन् :

क) प्रस्तुत शोधको अध्ययन क्षेत्र उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका कथाका पाठहरूमा सीमित रहेको छ ।

ख) कथाहरूको अध्ययन विश्लेषण गर्दा कथाको क्षेत्र, क्रम, स्तरण र छनोटका आधारमा मात्र अध्ययन गरिएको छ ।

ग) कथाको प्रयोजन, भाषिक सिप र कथाको वर्गीकरण प्रक्रियामा सीमित रहेको छ ।

घ) कथाका पाठहरू, अभ्यास र व्याकरणमा सीमित रहेको छ ।

ङ) प्रस्तुत शोधपत्र छनोट र सङ्कलन गरिएका अध्ययन अनुसन्धानहरूलाई आधार मान्दै कथाका विशेषज्ञले दिइएका परिभाषा सुझाव र सल्लाहमा आधारित रहेको छ ।

च) क्षेत्र नं. २ का सुगरखाल, चुहा र बलिया गा.वि.स.का सामुदायिक उ.मा.वि.का शिक्षक र विद्यार्थीमा सीमित रहेको छ ।

छ) प्रस्तुत शोधपत्र पुस्तकालय अध्ययन विधि क्षेत्रीय अध्ययन र नमुना छनोट विधिमा सीमित रहेको छ ।

## १.९ शोधको रूपरेखा

प्रस्तुत शोधपत्रलाई छ वटा अध्यायमा विभाजन गरिएको छ । जसको अध्याय विभाजन निम्नानुसार रहेको छ :

### अध्याय - एक : शोध परिचय

प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपत्रको शीर्षक, प्रयोजन, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययन विधि, अध्ययनको क्षेत्र र सीमा र शोधपत्रको रूपरेखा रहेको छ ।

**अध्याय - दुई : कथाको सैद्धान्तिक अध्ययन**

यस अध्यायमा कथाको सैद्धान्तिक परिचय, परिभाषा, तत्त्व, वर्गीकरण, पाठ्यक्रम, छनोट र स्तरण, पाठ्य पुस्तक, पाठ्क्रम र पाठ्य पुस्तकको सम्बन्ध उल्लेख गरिएको छ ।

**अध्याय - तिन : कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन**

यस अध्यायमा कथाका पाठहरूको तत्त्व, क्षेत्र, क्रम, अङ्क, समय र वर्गीकरणको अध्ययन गरिएको छ ।

**अध्याय - चार : कथाका पाठहरूको शैक्षणिक उपयोगिता**

यस अध्यायमा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका कथाका पाठहरूको शैक्षणिक महत्त्व, उपयोगिता, प्रयोजन र भाषिक सिपको अध्ययन गरिएको छ ।

**अध्याय - पाँचः कथामा रहेका पाठ र अभ्यासको विश्लेषण**

यस अध्यायमा पाठमा प्रयुक्त अभ्यासको परिचय, प्रश्नको प्रकृति, विश्लेषण, पाठ र व्याकरण सम्बन्धी अभ्यासको अध्ययन समावेश गरिएको छ ।

**अध्याय - छ : उपसंहार**

यस अध्यायमा अध्ययनको उपसंहार प्रस्तुत गरिएको छ । यसमा निष्कर्ष, सुझाव, शोधकार्यको शैक्षिक उपयोगिता र सम्भाव्य शीर्षकहरू र सन्दर्भ सूची समावेश गरिएको छ ।

यसका साथै शोधको अग्रभागमा भूमिकामूलक कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, तालिका सूची समेत समावेश गरिएको छ भने पश्च भागमा सन्दर्भ सूची, परिशिष्टहरू र शोधकर्ताको वैयक्तिक विवरण समेत प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई
# कथाको सैद्धान्तिक परिचय

## २.१ परिचय

कथा शब्दको निर्माण संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय लागेर 'कथ' बनेपछि त्यसमा 'आ' प्रत्यय जोडेर कथा भएको हो । कथाको प्रारम्भ मानव सभ्यताको विकाससँगै भएको पाइन्छ । मानव जीवनको विविध पक्षलाई अभिव्यक्ति दिने माध्यमका रूपमा कथाको प्रयोग गर्न थालिएको मानिन्छ । कथालाई रोचक ढङ्गले भन्ने र त्यसलाई ग्रहण गर्ने परम्पराको थालनी पनि धेरै अघिदेखि भएको मानिन्छ । प्राचीनकालदेखि नै कथा भन्ने र सन्ने परम्परा सुरू गरिएकाले यसको इतिहास अति नै लामो रहेको छ । सुरूमा कथालाई व्यक्त गर्ने प्रक्रिया जे जस्तो रूपमा भएपनि कालान्तरमा यसलाई उपदेशात्मक तथा मनोरञ्जन ढङ्गले लिने तथा बुझ्ने गरिन थालियो । वर्तमान समयसम्म आइपुग्दा कथाले ज्यादै व्यापकता प्राप्त गऱ्यो । पूर्वीय तथा पाश्चात्य जगतमा लोकपरम्पराबाट सुरू भएको कथाले एक सशक्त विधाको रूप धारण गऱ्यो । वर्तमानमा यसको व्यापकता तथा लोकप्रियतालाई हेर्दा साहित्यमा यसको स्थान महत्त्वपूर्ण रहेको तथ्यलाई अस्वीकार गर्न सकिदैन (लामिछाने र लामिछाने, २०६६ : १) ।

पहिले-पहिले बाल बालिकालाई घरमा अग्रज बुढा बुढीहरूले दन्त्यकथा र लोक कथा सुनाउदै आएको पाइन्छ । कथाले आदिम समयदेखि नै लोक प्रियता कमाएको पाइन्छ । यसरी साहित्यिक विधाका रूपमा मान्यता प्राप्त कथा विधाको आफ्नै सैद्धान्तिक ढाँचा छ । १९ औं सताब्दीमा पाश्चात्य जगतमा यस विधाले गद्ध शैलीमा  विधागत मान्यता पाएको पाइन्छ । गद्य भाषाको किस्सा तथा पात्र र घटना प्रधान कथात्मक निबन्धको समीकरणबाट आधुनिक कथा विधाको जन्म भएको पाइन्छ । यसरी कथा विधाको विकास समयको अनन्त गतिसँगै द्रुतरूपमा भएको पाइन्छ ।

समाजमा विभिन्न जात जातिका र भाषा भाषिका मानिसहरूको बसोबास भएको हुन्छ । त्यस्ता मानिसको बिचार विनिमयको सशक्त माध्यम भाषा हो । भाषाका माध्यमले आफ्ना मनमा उत्पन्न भएका भावनाहरूलाई अर्को व्यक्ति सामु प्रकट गरिन्छ । भाषाको

माध्यमले गर्दा नै मानवीय जीवन भोगाइका तिता मिठा अनुभवलाई कथाका माध्यमले कथ्य शैलीमा एक अर्कालाई भन्ने चलन थियो । भाषाको उत्पति भएको लामो समय पश्चात मात्र साहित्यको जन्म भएको हो । समाजमा भएका र गरेका यथार्थ घटनाहरूलाई साहित्यिक पाराले एक व्यक्तिबाट अर्को व्यक्ति सामु प्रकट गरियो । साहित्यिक विधा मध्ये कथा विधाले सरल तरिकाले मानवीय संवेदनालाई स्पर्श गर्न सकेकाले नै कथा विधा चर्चित भएको पाइन्छ । कथाको लेख्य परम्परा लामो समय पश्चात मात्र प्रारम्भ भएको हो । परम्परागत कथाको मुख्य उद्देश्य मानिसहरूलाई मनोरञ्जन प्रदान गर्नु थियो । लोक तथा दन्त्य कथाहरू काल्पनिक हुन्थे । यसरी विभिन्न काल पार गर्दै कथाले आधुनिक समयमा सशक्त हुने मौका पाएको छ ।

आधुनिक सन्दर्भमा कथा विधा मानव जीवनका यथार्थताहरूसित निकट सम्बन्ध राख्ने लोकप्रिय साहित्यिक विधाका रूपमा चिनिन्छ । यसले मुख्य तया व्यक्ति र समाजका आरोह अवरोह, घात प्रतिघात द्वन्द्व आदि सामाजिक र मनोवैज्ञानिक यथार्थहरूलाई मुख्य आधार मानी घटना र चरित्रको कथात्मक संयोजनलाई ग्राहयता दिएको छ ।

## २.२ परिभाषा

कथाको निश्चित र सर्वमान्य परिभाषा दिन सकिदैन । पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले कथाको परिभाषा फरक फरक किसिमले गरेका छन् । समयको परिवर्तनसँगै कथाको परिभाषामा परिवर्तन भएको पाइन्छ । कथा सम्बन्धी पाश्चात्य, पूर्वीय र नेपाली कथाका प्रचलित परिभाषाहरू निम्नानुसार छन् :

कथाको आयतन एक बसाइमा पढी सकिने हुनु पर्दछ (हड्सन, २०६६ : १) । बीस मिनेटमा पढ्न सकिने कुनै पनि सङ्क्षिप्त आकारको गद्य लेख नै कथा हो (एच.जी. बेल्स, २०६६ : ५) । भाषा र कथनका सन्दर्भमा कुनै त्यस्तो अनिवार्य प्रावधान रहनु हुन्न । समष्टिमा सबैलाई कथा भनिदिए आपत्ति पर्दैन (दण्डी, २०६३ : ३) । विविध फलागमको (फल प्प्तिको स्थिति) उद्देश्य लिएर लेखिएको इतिवृत सङ्कलन कथा हो (आनन्दवर्धन, २०६६ : ३) । कथा एउटा सानो आँखी झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ (लक्ष्मीप्रसाद देवकोटा, २०६६ : २) । कथा कलात्मक इतिवृत र अन्ततः आभास दिएर

पाठकमा चाख जगाइ राख्ने घटनाको विवृति समेत गर्ने कृति हो (ईश्वर बराल, २०६६ : ६) ।

उपर्युक्त परिभाषालाई हेर्दा एक बसाइमा पढी सक्ने, संक्षिप्त आकारको गद्य लेख कथा हो । भाषा र कथनका सन्दर्भमा त्यस्तो अनिवार्य प्रावधान नभएको, मर्मस्पर्शी र हृदय स्पर्शी प्रस्तुति भएको रचनालाई नै कथा भनिन्छ । यस्तो कथाबाट सानो संसार चियाउन सकिन्छ । जसलाई पाठक तथा साहित्यिक अनुरागीले चाख दिएर सम्पूर्ण घटना र चरित्रतलाई अध्ययन र मनन गर्दछन् ।

## २.३ कथाका तत्त्वहरू

कथा बन्नका लागि आवश्यक गर्ने अवयवहरूलाई कथाका तत्त्व भनिन्छ । कथाका प्रत्येक तत्त्वहरू बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यिनै संरचक तत्त्वका योगबाट कथाले सिङ्गो रूपाकृति प्राप्त गर्दछ । कथाका तत्त्वहरूको बारेमा विभिन्न विद्वान्हरूले आ आफ्ना किसिमले उल्लेख गरेका छन् । कथाका तत्त्वहरूलाई कथावस्तु, चरित्र चित्रण, संवाद, भाषाशैली, वातावरण र उद्देश्य गरी विभाजन गरिन्छ (थापा, २०३६ : १६०) । त्यसै गरी कथाका तत्त्वहरूलाई कथानक, चरित्र, देश काल, वातावरण, बिचार कौतुहल, संवाद, शैली र उद्देश्य गरी वर्गीकरण गरिन्छ (उपाध्याय, २०३० : १२३) ।

उपर्युक्त वर्गीकरण मध्ये कथानक, चरित्र, उद्देश्य, परिवेश, भाषा शैली र दृष्टि विन्दुलाई कथा निर्माणका मुख्य तत्त्वहरू मानिन्छ ।

### २.३.१ कथानक

पात्रद्वारा गरिने कार्य र सो कार्य गर्दा घट्ने घटनालाई कथानक भनिन्छ । कथानकमा घटनाको क्रमिक योजना हुने हुँदा जीवनको कुनै एक पक्षको उद्घाटन गर्ने काम कथानकले गर्दछ । कथानक कथात्मक प्रकरणको समन्वय हो । यसमा क्रियाकलाप, र घटना घटित हुन्छन् । कथानक कार्यकारण श्रृङ्खलामा आवद्ध हुन्छ । यसो नभएको खण्डमा कथा विश्रृङ्खलित हुन जान्छ । कार्य कारण श्रृङ्खलामा आवद्ध क्रियाकलापमा चरित्र, भाव र बिचार जस्ता कुराहरू रहेका हुन्छन् । कथामा वुद्धी तत्त्वको प्रयोग गरेर

कथानको निर्माण गरिन्छ । कथाको कथानक आदि मध्य र अन्त्य गरी लेखिन्छ । कथानकको आदि भागमा कथाको विषय प्रवेश भई पात्र पात्राको परिचय र तिनले भोग्ने संकटावस्थाको सङ्केत गरिएको हुन्छ । मध्य भागमा सङ्घर्षको विकासको अवस्था देखाइने भएकाले यसमा घटनालाई चरम विन्दुमा पुऱ्याइएको हुन्छ । कथानकको अन्त्य भागमा सङ्घर्षको ह्रास वा द्वन्द्व र क्रिया व्यापारको अन्त्य भई समस्याको समाधान हुन्छ (ज्ञवाली र अन्य, २०६६ : २) । यो कथाको प्रथम महत्त्वपूर्ण तत्त्व हो । कथामा कथानक स्वभाविक र विश्वसनीय हुनु पर्दछ ।

## २.३.२ चरित्र

कथामा पात्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि कथाको कथावस्तुमा पात्र निहित हुन्छ । कथानक र चरित्रका बिच अन्योन्याश्रित सम्बन्ध रहन्छ । पात्र विना कथावस्तु अपुरो हुन्छ । कथामा चरित्रलाई देखाउने तरिकालाई चरित्र चित्रण भनिन्छ । कथानकका आधारमा पात्रको चयन गरिन्छ । पात्रले नै कथानकलाई गति प्रदान गर्दछ । पात्रहरू लिङ्गका आधारमा पुरूष र स्त्री, कार्यका आधारमा प्रमुख र सहायक, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवन चेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य तथा आवद्धताका आधारमा बद्ध र मुक्त हुन्छन् (ज्ञवाली र अन्य, २०६६ : ३) ।

## २.३.३ उद्देश्य

कथाकारले कथामा दिन खोजेको सन्देश नै उद्देश्य हो । जीवन जगतका सत्यानुभवलाई काल्पनिक रूपमा प्रस्तुत गरी साहित्यिक आनन्द प्रदान गर्दै जीवन जगत सम्बन्धी दृष्टिकोण प्रस्तुत गर्नुलाई उद्देश्य भनिन्छ (ज्ञवाली र अन्य,२०६६ : ३) । उद्देश्य विना कथा सृजना हुन सक्दैन । पूर्वीय साहित्यमा कथाका उद्देश्य धर्म, अर्थ, काम, मोक्ष प्राप्ति गर्ने हुन्थ्यो । वर्तमान कथाहरूमा मनोरञ्जनका साथै नैतिक ज्ञान समेत दिएको पाइन्छ । कुनै यथार्थको प्रस्तुतीकरण गरेर जनमानसमा सचेतना गर्नु जस्ता उद्देश्य कथाका हुन्छन् । उद्देश्य कथाकारको मनोभावना, जीवन जगतको चित्रण र नवीन भावनाको दिशा बोधक तत्त्व भएकोले यसलाई कथा निर्माणको मुख्य तत्त्व मानिन्छ ।

व्यक्ति विशेषको चरित्र चित्रण गर्नु, मनोरञ्जन प्रदान गर्नु, देशभक्तिपूर्ण भावना प्रकट गर्नु, सामाजिक, सांस्कृतिक पक्षलाई प्रस्तुत गर्नु आधुनिक कथाका मुख्य उद्देश्य हुन् ।

## २.३.४ परिवेश

परिवेशलाई देश, काल, वातावरण र परिस्थिति भनिन्छ । पात्रले भोगेको जीवन जगतको चित्रण गर्ने भावभूमिलाई नै परिवेश भनिन्छ (ज्ञवाली र अन्य, २०६६ : ३)। कथामा पात्रले गर्ने कार्य र घट्ने घटनाको स्वरूप, स्थिति र स्थान नै परिवेश हो । कथानक अनुसार समय र स्थान विशेषका रीतिस्थिति, चालचलन, अनुभव, रहनसहन, भेषभूषा आदि परिवेश भित्र पर्दछन् । कथानक र पात्रको परिवेश अनुसार वातावरण रहन्छ । यस प्रकार कथानकलाई विश्वसनीय बनाउन र पात्रलाई सजीवता प्रदान गर्नका लागि परिवेश महत्त्वपूर्ण मानिन्छ । परिवेश ग्रामीण र सहरीया दुवै हुन्छ । निश्चित स्थानीय परिवेशमा आधारित भएर लेखिने कथालाई आञ्चलिक परिवेशको कथा भनिन्छ । कथामा वातावरण आन्तरिक र बाह्य दुवै आउन सक्छन् । यसरी कथामा परिवेशलाई महत्त्वपूर्ण तत्त्वका रुपमा लिइन्छ ।

## २.३.५ भाषाशैली

कथालाई व्यक्त गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो त्यसैले भाषा र शैली एउटै नभएर फरक फरक तत्त्व हुन् । काम गर्ने विशेष प्रणाली वा ढाँचालाई शैली भनिन्छ । कथालाई प्रस्तुत गरिने माध्यम भाषा भएकोले भाषा सरल, र कथ्यको नजिक हुनुपर्छ । कथालाई विशिष्ट बनाउन शैली चाहिन्छ । शैली वर्णात्मक, विवरणात्मक, आत्मकथात्मक र हास्य व्यङ्ग्यात्मक हुन्छन् । कथामा प्रयोग गरिने शैली व्यक्ति पिच्छे फरक फरक हुन्छ । कथाको भाषाशैली सौन्दर्य बोधक तत्त्व हो । व्यक्ति भाषा हो भने व्यक्तितत्त्व शैली हो । अतः भाषाशैली कथाको महत्त्वपूर्ण तत्त्व हो ।

## २.३.६ दृष्टि विन्दु

कथालाई हेर्ने वा भन्ने विन्दु नै दृष्टि विन्दु हो । यसको प्रत्यक्ष सम्बन्ध कथावस्तु र कथामा वर्णित पात्रसँग रहेको हुन्छ । कथामा प्रथम र तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग


गरिन्छ ।  कथामा म, हामी पात्रको प्रयोग गरेर वर्णन गरिएमा त्यसलाई आन्तरिक वा प्रथम पुरूष दृष्टि विन्दु भनिन्छ । कथाकार बाहिर बसेर ऊ, यो, उनी, यिनी वा नाम राखेर कथानकको वर्णन गरिन्छ भने त्यसलाई वाह्य वा तृतीय पुरुष दृष्टि विन्दु भनिन्छ ।

## २.४ कथाको वर्गीकरण

कथाको विकास मानव सभ्यताको विकाससँगै भएको पाइन्छ । कथालाई वर्गीकरण गर्दा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले वर्गीकरण गरेका छन् । यसमा विद्वान्हरूको एउटै मत रहेको छैन । कथालाई विषय, प्रवृत्ति, उद्देश्य, शैली, दृष्टि विन्दु, आयाम आदि किसिमले वर्गीकरण गरेको पाइन्छ । कथालाई वर्गीकरण गर्दा रूचि क्षेत्र, रीतिक्षेत्र र हास्यब्यङ्ग्य आधारमा वर्गीकरण गर्न सकिन्छ (भण्डारी, २०६६ : १२) । कथाको वर्गीकरण विषय, तत्त्व, स्रोत र दृष्टि विन्दुका आधारमा गर्न सकिन्छ (शर्मा २०६१ : २) । कथाको वर्गीकरणमा मतभेद भए पनि कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

तालिका नं. १

कथाको वर्गीकरण



### २.४.१ विषयका आधारमा

विषयका आधारमा कथामा विविधता आउछ । कथाकारले आफ्नो रुचि अनुसार सामाजिक, राजनैतिक, दार्शनिक, पौराणिक, धार्मिक, ऐतिहासिक, मनोवैज्ञानिक विषयमा कथा लेख्छन् । तिनै विषयहरू मध्ये कुनै पनि विषय वस्तुप्रति लेखकले विशेष रूचि राखेर कथाको रचना गर्न सक्दछ । विषयका आधारमा कथालाई समाजिक कथा, मनोवैज्ञानिक कथा, ऐतिहासिक कथा, धार्मिक कथा, दार्शनिक कथा, वैज्ञानिक कथा र पौराणिक कथा गरी विभिन्न प्रकारमा विभाजन गरिन्छ ।

### २.४.२. उद्‌देश्यका आधारमा

कथाले दिने सन्देश वा मूल भावलाई कथाको उद्‌देश्य भनिन्छ । कथाले कुनै न कुनै उद्‌देश्य अभिव्यक्त गरेको हुन्छ । यसरी उद्‌देश्यका आधारमा कथालाई निम्नानुसार वर्गीकरण गरिन्छ :

**क) घटना प्रधान कथा**

दृश्य विधानको बाहुल्यता हुने कथालाई घटना प्रधान कथा भनिन्छ । परम्परागत कथाहरू यस अन्तर्गत पर्दछन् ।

**ख) चरित्र प्रधान कथा**

चरित्रलाई उजिल्याउने कथालाई चरित्र प्रधान कथा भनिन्छ । चरित्र प्रधान कथामा कुनै खास पात्रको स्वभाव, रूचि र विशेषता आदिको चित्रण गरिन्छ । मनोवैज्ञानिक कथाहरू चरित्र प्रधान हुन्छन् ।

**ग) बिचार प्रधान कथा**

भावुकता शून्य गहन चिन्तनमा आधारित जटिल प्रकारका कथा वस्तु भएका कथा लाई बिचार प्रधान कथा भनिन्छ । यस्ता कथामा कथाकारले नवीन बिचार दिएको हुन्छ ।

**घ) समस्या प्रधान कथा**

समस्या प्रस्तुत गरिएको कथालाई समस्या प्रधान कथा भनिन्छ । यस्ता कथामा विभिन्न समस्यामूलक कथा वस्तु समेटिएको पाइन्छ (ढुङ्गेल र दाहाल, २०६३ : ५) । जीवन र जगतमा घट्ने र घट्न सक्ने समस्यालाई प्रस्तुत गरी समस्या प्रधान कथा निर्माण गरिन्छ ।

## २.४.३. रीति क्षेत्रका आधारमा

कथाकारले कथा लेख्दा अपनाउने तरिकालाई रीति भनिन्छ । कथाकारले कथा लेख्दा एउटै विषयमा पनि विभिन्न रीति अपनाउन सक्छन् । कथाकारले कथा निर्माण गर्दा एकातिर रूचि रहेको हुन्छ भने अर्को तिर रीति क्षेत्र पनि रहेको पाइन्छ । रीतिलाई वाद, धारा र प्रवृति पनि भनिन्छ । रीतिका आधारमा कथालाई यथार्थवादी कथा स्वच्छन्दवादी कथा, अस्तित्ववादी कथा, आदर्शवादी कथा, प्रयोगवादी कथा गरी वर्गीकरण गर्न सकिन्छ ।

## २.४.४ दृष्टि विन्दुका आधारमा

कथालाई हेर्ने वा भन्ने विन्दु नै दृष्टि विन्दु हो । यसको प्रत्यक्ष सम्बन्ध कथावस्तु र कथामा वर्णित पात्रसँग रहेको हुन्छ । कथामा प्रथम र तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग गरिन्छ । कथामा म, हामी पात्रको प्रयोग गरेर वर्णन गरिएमा त्यसलाई आन्तरिक वा प्रथम पुरूष दृष्टि विन्दु भनिन्छ । कथाकार बाहिर बसेर ऊ, यो, उनी, यिनी वा नाम राखेर कथानकको वर्णन गरिन्छ भने त्यसलाई वाह्य वा तृतीय पुरूष दृष्टि विन्दु भनिन्छ ।

## २.४.५ शैलीका आधारमा

कथाकारले कथाको रचना गर्दा अपनाउने प्रणालीलाई शैली भनिन्छ । विषयवस्तुलाई प्रस्तुत गर्ने माध्यम नै शैली हो । कथाकारले विविध शैलीको प्रयोग गरेर विभिन्न विषयमा कथाको रचना गर्छन् । शैलीका आधारमा कथालाई रैखिक शैली, वृताकारीय शैली, डायरी शैली, पत्रात्मक शैली, वर्णनात्मक शैली र संवादात्मक शैली गरी वर्गीकरण गरिन्छ ।

## २.५ पाठ्यक्रमको परिचय

पाठ्यक्रम अंग्रेजी शब्द 'Curriculum' (करिकुलम) को नेपाली रूपान्तरण हो । यस शब्दको उत्पति ल्याटिन भाषाको 'Currier' (कुरेर) शब्दबाट भएको हो । यसको अर्थ दौडको मैदान भन्ने हुन्छ । शाब्दिक अर्थमा पाठ्क्रमलाई निर्धारित उद्देश्यसम्म पुऱ्याउने धावन मार्गका रूपमा लिइन्छ । जसरी दौडको मैदानमा धावक एक निश्चित रेखाबाट दौड शुरू गरेर बाटो हुँदै अन्तिम रेखासम्म पुग्दछ । त्यसै प्रकारले पाठ्यक्रममा पनि कुनै एक निर्धारित समयबाट निर्धारित समयसम्मको कार्यक्रम तोकिएको हुन्छ । पाठ्यक्रमले विद्यालयको सिङ्गो जीवन र कार्यक्रमको प्रतिनिधित्व गर्दछ । विद्यार्थीहरूलाई आवश्यकता अनुसार व्यवहारिक परिवर्तन पनि पाठ्यक्रमले गर्दछ । शिक्षणबाट विद्यार्थीहरूमा आएको परिवर्तनको लेखाजोखा र मूल्याङ्कन गर्न तयार पारिएको योजना नै पाठ्यक्रम हो (ढुङ्गेल र दाहाल, २०६२ : १) । पाठ्यक्रमले विद्यार्थीको चौतर्फी विकास गर्न सम्पूर्ण क्रियाकलापहरू समावेश गरेको हुन्छ । जसबाट विद्यार्थीहरूले आफ्ना उद्देश्य प्राप्ति गर्दछन् । पाठ्यक्रमले उद्देश्य र विषय वस्तु अनुरूप शिक्षण, विधि कार्यकलाप, शैक्षिक सामग्री र मूल्याङ्कन समेत उल्लेख गरेको हुन्छ (पौड्याल, २०५१:१) । हिल्डा टावाका अनुसार "विद्यालयको भित्री वा बाहिरी अवस्थामा अपेक्षित उपलब्धी प्राप्त गर्न गरिने सम्पूर्ण प्रयास नै पाठ्यक्रम हो ।" यसरी पाठ्यक्रमलाई शैक्षिक अनुभवहरूको एक प्रमुख अङ्गका रूपमा लिइन्छ । पठनपाठन योग्य शैक्षिक सामग्रीहरू तथा क्रियाकलापको सुव्यवस्थित रूप नै पाठ्यक्रम हो ।

## २.६ छनोट र स्तरण

पाठ्यक्रम निर्माण गर्दा विभिन्न किसिमका विषय वस्तु सङ्कलन वा चयन गर्ने कामलाई छनोट भनिन्छ । पाठ्यक्रममा विभिन्न विषय वस्तु छनोट गर्दा सिकारूको रूचि, आवश्यकता, स्तर, तह र पूर्व पृष्ठभूमि आदिलाई ख्याल गरिनु पर्दछ । पाठ्यक्रमा विषय वस्तु छनोट गर्दा एकल प्रयासबाट सम्भव हुँदैन । यसका लागि निरन्तरको अभ्यास, खोज र अनुसन्धान चाहिन्छ । पाठ्यक्रममा विषय वस्तु छनोट गर्दा विविध क्षेत्रलाई समेट्ने विषय वस्तु चयन गर्नु पर्दछ ।

स्तरण भन्नाले पाठ्यक्रमले ज्ञान विज्ञानका विविध क्षेत्रबाट छनोट भएका विविध विषयवस्तुलाई वैज्ञानिक तरिकाले मिलाउनु भन्ने बुझिन्छ (ढुङ्गेल र दाहाल, २०६२ : ५४) । यसरी छनोट गरिएका विभिन्न विधाहरूलाई स्तरीय तरिकाले श्रृङ्खला बद्ध राख्नुलाई स्तरण भनिन्छ । स्तरण भाषिक विषय वस्तु क्रमबद्ध रखाइ हो । यो विशेष गरेर विद्यार्थीहरूका लागि प्रारम्भिक अवस्थामा बढी उपयोगी ठानिन्छ । बालकलाई विना श्रृङ्खला कुनै विषय वस्तु सिकाउनु भनेको विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापप्रति प्रोत्साहन नगरी हतोत्साहित गराउनु मात्र हो । असीमित भाषिक व्यवस्थाहरूबाट छनोट गरिएको पाठ्य वस्तुलाई विद्यार्थीमूलक, उद्देश्य अनुसार क्रमबद्ध रखाइ नै स्तरण हो । यसरी छनोट गरिएका सामग्रीहरूलाई स्तरण विना अध्यापन गराउन भनेको लगाम विना दौडिएको घोडा सावित हुन जान्छ र लक्ष्यमा पुग्न सकिदैन । स्तरण विनाको शिक्षण विद्यार्थीका लागि दुर्वोध्य हुन पुग्छ (ढुङ्गेल र दाहाल, २०६४ : ५५) ।

पाठ्यक्रममा कुन कुन क्षेत्रका विषय वस्तु राख्ने, कसरी विषय वस्तुको छनोट गर्ने भन्ने कुरा निर्धारण गरी आवश्यकताको पहिचान गर्नुपर्छ । पाठ्यक्रमले यी क्षेत्रका यति-यति विषय वस्तु राख्ने भनेर सीमाङ्कन गर्ने काम गर्दछ । पाठ्यवस्तुको छनोट गर्दा पाठ्यक्रमको उद्देश्य, तह र समय अवधि, विद्यालयको प्रकृति, विद्यार्थीको पूर्व क्षमता, रूचि तथा आवश्यकतालाई ख्याल गर्दै विषय वस्तु छनोट गर्नुपर्छ । छनोट गरिएका विविध विषयवस्तुलाई कुन श्रृङ्खला वा पूर्वापर सम्बन्धमा राख्ने भन्ने कुराको सङ्केत चाहि वितरणले गर्दछ । अर्थात् स्तरण भनेको छनोटमा परेका विविध विषयवस्तुलाई मनोवैज्ञानिकता, शैक्षिक, क्रमिकता प्रदान गर्नु हो (अधिकारी, २०५९ : ८९) ।

## २.७ पाठ्य पुस्तकको परिचय

पाठ्य पुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पुरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलापका लागि तयार पारिएको सामग्री हो (ढुङ्गेल र दाहाल, २०६२ : ८७) । यो विद्यार्थीका लागि कुनै निश्चित ज्ञान प्राप्त गर्न तोकिएको विषयको निर्धारित पाठ्यक्रमानुसार निर्माण गरिएको हुन्छ । पाठ्य पुस्तकले पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्ग दर्शन गर्ने काम गर्दछ । पाठ्य पुस्तकले विद्यार्थीलाई गृहकार्य, पुनरावृति र अभ्यास गर्न सहयोग गर्दछ । विद्यार्थीको मानसिक तथा

बौद्धिक क्षमता अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सहयोग गर्दछ । कतिपय स्थानमा पाठ्य पुस्तकले पाठ्यक्रम र शिक्षककै भूमिका निर्वाह गर्नु पर्ने हुन्छ (ढुङ्गेल र दाहाल, २०६२:८७) । पाठ्य पुस्तकले पाठ्क्रमले तोकेका पाठहरूलाई समेटेको हुन्छ । पाठ्य पुस्तकको अभावमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदैन । पाठ्यक्रमले राखेका उद्देश्यलाई पाठ्य पुस्तकले समाधान गर्दछ । त्यसैले पाठ्य पुस्तक शिक्षक र विद्यार्थीका लागि नभई नहुने पुरक सामग्री हुन् । विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउने पुस्तक नै पाठ्य पुस्तक हो ( नेपाली वृहत शब्दकोष, २०५२ : ८१०) । अतः पाठ्य पुस्तक भनेको विद्यार्थीले गहन रूपमा अध्ययन गर्ने पुस्तक हो । पाठ्क्रममा आधारित भएर तयार पारिने पुस्तक नै पा्ठ्यपुस्तक हो । पाठ्य पुस्तकको प्रयोग शिक्षक र विद्यार्थी दुवैका लागि आधिकारिक मानिन्छ । पाठ्य पुस्तकमा पाठ्यक्रमले तोकेअनुरूप विषय वस्तु छनोट र स्तरण गरिएको हुन्छ ।

## २.८ पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्ध

पाठ्यक्रम र पाठ्य पुस्तक बिच घनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रम समग्र शैक्षिक प्रक्रियाको मेरूदण्ड हो । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषय वस्तु  छनोट, शिक्षण व्यवस्थापन र विषय वस्तु  क्रम र क्षेत्र आदि समेटिएको  हुन्छ (ढुङ्गेल र दाहाल, २०६२ : १०४) । पाठ्यक्रमको लक्ष्य अनुरूप पाठ्य पुस्तक तयार पारिन्छ । पाठ्यक्रम र पाठ्य पुस्तक बिच तालमेल नमिलेमा शिक्षण प्रक्रियाको गुणस्तरमा नकारात्मक प्रभाव पर्दछ । पाठ्यक्रमका लक्ष्य पुरा गर्न पाठ्य पुस्तकमा विविध विषय वस्तु र भाषिक अभ्यासको प्रस्तुति हुन्छ । पाठ्यक्रममा स्रोत सामग्री उल्लेख गरिएको हुन्छ । उक्त सामग्रीलाई पाठ्य पुस्तकलाई प्रस्तुत गर्दछ । पाठ्यक्रमले राष्ट्रिय आवश्यकता पहिचान  गर्दछ । यो सैद्धान्तिक सन्दर्भ सामग्री हो । पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ सामग्रीका रूपमा पाठ्य पुस्तकले लिन सकिन्छ । आवश्यकताको छनोटका रूपमा पाठ्यक्रम तयार गरिन्छ भने पाठ्य पुस्तक आवश्यकतालाई निदान तर्फ उन्मुख गराउने सन्दर्भ सामग्री हो । तसर्थ पाठ्यक्रम र पाठ्य पुस्तक बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

शिक्षाको राष्ट्रिय उद्देश्यलाई साध्य र पाठ्यक्रम तथा पाठ्य पुस्तकलाई उक्त उद्देश्य पुरा गर्ने साधनका रूपमा लिइन्छ । पाठ्यक्रम शिक्षण सिकाइको विस्तृत योजना हो भने पाठ्य पुस्तक उक्त योजनालाई कार्य रूप दिने विषय वस्तु  विस्तारित रूप हो । पाठ्यक्रममा बालकका आवश्यता, रूचि, क्षमता, पूर्व ज्ञान तथा सिकाइको निरन्तरतालाई समायोजन गरिएको हुन्छ । पाठ्य पुस्तकमा पाठ्यक्रमद्वारा तयार पारिएको क्रियाकलाप र मूल्याङ्कनलाई कक्षागत रूपमा प्रयोगमा ल्याउने साधन मानिन्छ । कक्षाकोठामा पाठ्य पुस्तकको प्रयोग गर्दा पाठ्यक्रममा निर्देशित वार्षिक पाठ घण्टा, एकाइ पाठ घण्टा, क्रियाकलाप एवम् अभ्यास तथा मूल्याङ्कनलाई आधार मानिन्छ (पा.वि.के., २०६४ : ७५) ।

अतः पाठ्यक्रम तथा पाठ्य पुस्तक एक अर्काका अभिन्न अङ्ग हुन् । एकको अभावमा अर्काको कार्यान्वयन पूर्ण रूपमा हुन सक्दैन । पाठ्यक्रम र पाठ्य पुस्तक एक आपसमा निर्भर हुन्छन् ।

# अध्याय : तिन
# कथाका पाठको विश्लेषणात्मक अध्ययन

## ३.१ कथाका तत्त्वहरू

कथा निर्माण हुनका लागि आवश्यक पर्ने अङ्गहरूलाई कथाका तत्त्व भनिन्छ । कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषा शैली आदि तत्त्वहरूको संयोजनबाट नै सिङ्गो कथाको निर्माण हुन्छ । यी विभिन्न तत्त्वहरू बिच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । कथाका सबै तत्त्व मध्ये कुनै एकको अनुपस्थितिमा कथा पूर्ण हुन सक्दैन । उ.मा.वि. तहको अनिवार्य नेपालीमा समावेश कथाका पाठहरूलाई निम्न कथा तत्त्वका आधारमा विश्लेषण गरिन्छ :

### ३.१.१ कथानक

पात्रद्वारा गरिने कार्य र सोकार्य गर्दा घट्ने घटनालाई कथानक भनिन्छ । कथानकमा पात्रद्वारा कुनै न कुनै कार्य व्यापार घटित हुन्छ । कथानकमा कार्य कारण श्रृङ्खलाबद्ध हुन्छ । कथानक आदि, मध्य र अन्त्य गरी अधि बढेको हुन्छ । कथानकले कथावस्तुलाई सुस्पष्ट गोरेटो प्रदान गरेर अघि बढाउन सहयोग गर्दछ ।

उ.मा.वि. तहमा समाविष्ट अनिवार्य नेपालीका पाँचवटा कथाहरूको कथानकको विश्लेषण यस प्रकार गरिन्छ :

'छिमेकी' सामाजिक यथार्थवादी कथा हो । यस कथाको आदि भागमा धनजितेको असारको महिनाको रोप्ने भएको धानको बिउ गुमानेको गोरूले खाएर यी दुई छिमेकी बिच झगडा भयो । बिउ खाएको निउमा गुमानेका गोरूलाई धनजितेले मरणासन्न हुने गरी पिटेकोले सहन नसकी दुई पात्र बिच हात हालाहाल समेत भयो । कथाको मध्य भागमा भदौको महिनामा आँठे परेकोले धनजिते र उनकी श्रीमतीलाई छिमेकी गुमानेले सहयोग गर्‍यो । उसले औषधी उपचार समेत गरेको पाइन्छ । कथाको अन्त्य भागमा गुमानेले धनजितेको सेवा गरी रहेको समयमा आशामरू साहुले भारी खेप्न जाइदेउ भन्दा गुमानेले

अस्वीकार गऱ्यो । गुमानेको सेवाले धनजितेका आँखा खुले । यसरी गुमाने र धनजिते बिच मिलाप भयो । यस कथाको आदि, मध्य र अन्त्य श्रृखलाबद्ध रैखिक ढाँचाका अघि बढेको छ । कथामा जम्मा ३ अङ्क रहेका छन् यस कथाको कथानक छोटो रहेको छ । यस कथामा नाटकीयता हुनुका साथै कथाको संरचना छोटो रहेको छ । यस कथाको कथानक स्वाभाविक रहेको छ ।

'मधुमालतीको कथा' को आदि मध्य र अन्त्य रैखिक ढाँचामा श्रृङ्खलाबद्ध मिलेको पाइन्छ । आदि भागमा शङ्करकी आमाले मधुमालतीको कथाको वर्णन गरेकी छिन् । आमाले मधुमालतीको लोक कथा सुनाएकाले शङ्करले गौरीलाई मालती र आफूलाई मधुकर सम्झन्छ । मध्यभागमा गौरी र शङ्करको बाल प्रेम बढ्दै भएको पाइन्छ । उनीहरू एक अर्काका घरमा ओहोर दोहोर गरी रहन्छन् । शङ्करले आफ्नी आमालाई मधुमालतीको कथामा जस्तै घोडा र बाँसुरी किन्न आग्रह गर्छ । शङ्कर गरिब भएकाले उसलाई गौरीको घर आएको मौकापारी गौरीकी दिदीआमाले नानाभाति गाली गरेको वर्णन पाइन्छ । अन्त्यभागमा गौरीका घरमा शङ्कर आलुघोडा लिएर गएको मौका पारी गौरीका बुबाले आफू चढेको गाडीको पाङ्ग्राले उसको आलुघोडा किचिदिन्छन् । यसरी गौरी र शङ्कर बिच बालप्रेममा तगारो हालेको पाइन्छ । यसरी गौरी र शङ्कर बिचमा कृतिम रेखा कोरिन्छ । बाल प्रेम पनि वर्गीय हुन्छ भन्ने सङ्केत कथामा प्रस्तुत गरिएको हुन्छ । यस कथाको कथानक काल्पनिक र वास्तविक यथार्थतालाई मिश्रण गरी निर्माण गरिएको छ । यो बाल मनोवैज्ञानिक प्रगतिवादी कथा हो । यस कथामा बालबालिकाको मनोविज्ञानलाई रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । यस कथाको कथानक लामो रहेको छ । लोक कथालाई जोडेकाले यस कथाको आयतन लामो भएको पाइन्छ ।

रातभरि हुरी चल्यो कथाको कथानक आदि, मध्य र अन्त्य गरी रैखिक शैलीमा श्रृङ्खलाबद्ध रूपमा अघि बढेको छ । कथाको आदि भागमा कालेका बा र आमा दार्जिलिङ्गको सहर छोडेर गाउँ पसेको वर्णन छ । उनीहरूको कच्ची घर रातभरि हुरी चलेर हावाले उडाएकाले राती सुत्न नपाएको वर्णन छ । कथाको मध्यभागमा कालेकी आमाले गाउँ छोडेर सहर जाने र सानो तिनो व्यापार गर्ने योजना गरेकी छिन् । कालेका बालाई चौकिदारमा र आफूले तरकारी पसल गर्ने योजना वर्णन गरिएको छ । कथाको अन्त्य भागमा कालेकी आमा सहरमा दुध बेच्न गएको समयमा सहरकी महिलाले राती हुरी र

पानीका कारण सुत्न नदिएको कुरा बताएकी छिन् । पानी र हुरीका कारण बी.बी. गुरूङकी मोटी श्रीमतीको समेत मृत्यु भएकोले कालेकी आमाको सहर सर्ने सोचमा परिवर्तन भएर गाउँमा नै सुख दुःख गरेर बस्ने योजना बनाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

'रातभरि हुरी चल्यो' सामाजिक विपत्तिसँग जोडिएको यथार्थवादी कथा हो । यसमा समाजका यथार्थलाई दृष्टिगत गरिएको पाइन्छ । आयतनका हिसाबले कथा धेरै लामो र धेरै छोटो पनि नभएर मध्यम खालको छ । यो स्वाभाविक कथानक भएको कथा हो । विपत्ति जहाँ पनि हुन्छ, डराएर भाग्नु हुँदैन, समस्यासँग सङ्घर्ष गर्नु पर्छ भन्ने वास्तविकतामा आधारित कथा हो । बाढी, पहिरो, हुरी, बतास आदि प्राकृतिक प्रकोपले व्यक्तिलाई दिएको दुःख, पीडा, विरह र वेदनालाई विषय वस्तु बनाएर यस कथाको कथानक निर्माण गरिएको छ ।

'शत्रु' कथाको कथा वस्तु झिनो रहेको छ । यस कथाको आदिभागमा कृष्ण रायको व्यक्तित्वको विश्लेषण गरिएको छ । कृष्ण रायसँग धनदौलत भएर पनि उनका सन्तान नभएकाले उनले आफ्नो नातापर्ने भतिजोलाई घरमा पालेको पाइन्छ । एकदिन राति उनी सुतेको समयमा उनीमाथि लट्ठीको प्रहार भयो । आफ्नो शत्रु को होला ? भन्ने चिन्ताले उनलाई पिरोलेको पाइन्छ । मध्यभागमा उनको अरूलाई अर्ती उपदेश दिने नराम्रो बानी बारे चर्चा पाइन्छ । कृष्ण रायले पहिले आफ्ना मित्र ठानेर दर्जनौ व्यक्तिलाई आशङ्का गरेका छन् । कथाको अन्त्य भागमा उनले विगतका विविध घटना सम्झे र आफ्नो भतिजोलाई समेत शत्रु ठोनेको कुरा अघि सारेको पाइन्छ । उनले अन्तमा यस संसारमा कोही पनि शत्रु रहित हुन सक्दैन भन्ने ठाने । आफ्ना एक दर्जन शत्रुको नाम थानामा पेश गरे । अजात शत्रु मान्ने कृष्ण रायले लठ्ठीको प्रहार पश्चात सबैलाई शत्रु ठानेको प्रसङ्गलाई यस कथामा वर्णन गरिएको छ । आदि, मध्य र अन्त्यको ढाँचामा लेखिएको यो कथा संक्षिप्त भएर पनि सशक्त रहेको छ ।

'हारजित' कथाको आदि भागमा अलगुवाको गोज्याङ्ग्रो छोराले बुहारी सोनवालाई पिटेर घर छोडेर मनोहरका घरमा बसेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । अलगुवाले गाउँको घुरहुलाई आफ्नी बुहारीलाई फिर्ता गरी दिन आग्रह गर्छन् । घुरहु गएर मनोहरसँग अलुगुवाकी बुहारी फिर्ता गराउन खोज्दा कामको समयमा सोनवालाई फिर्ता नगर्ने कुरा

मनोहरले अघि सारे । कथाको मध्य भागमा घुरहु गएर मनोहरले गरेको व्यवहारप्रति रिस उठ्यो । घुरहुले आफ्नो स्वाभिमानमा आँच आएको ठानी आफ्नी विवाहित छोरी रतियालाई मनोहरको घरमा दिएर सोनवालई फिर्ता ल्याएर अलगुवाका घरमा फिर्ता गरे । कथाको अन्त्य भागमा मनोहरले घुरहु पुत्री रतियालाई उनको ससुरालाई बोलाएर बाँजागाँजा र मिष्ठानका साथ रतियालाई आफ्नी छोरी सरह विदाइ गरि दिएका छन् । यसरी कथामा कसको जित कसको हार भयो ? भन्न सकिदैन । यस कथामा सामाजिक प्रतिष्ठा र सेवाभावका दृष्टिले घुरहु महतो र धन सम्पतिका दृष्टिले मनोहर महतोको अहमतामा कथाको कथावस्तु केन्द्रित रहेको छ । आयतनका दृष्टिले यो कथा अत्यन्त लामो छ । यसरी छोरी बुहारीको इज्जतको रक्षा गर्न सामाजिक र आर्थिक दुवै तत्त्वले प्रभाव पार्छ भन्ने सामाजिक समस्यालाई विषय वस्तु बनाएर यस कथामा प्रस्तुत गरिएको पाइन्छ ।

### ३.१.२ चरित्र

कथालाई जीवन्त बनाउनका लागि विभिन्न पात्रहरूको संयोजन गरिएको हुन्छ । कथामा पात्रलाई देखाउने तरिकालाई चरित्र चित्रण भनिन्छ । कथानकका आधारमा पात्रको चयन गरिएको हुन्छ । पात्रले नै कथालाई थप गति प्रदान गर्दछ । उ.मा.वि. तहको अनिवार्य नेपालीमा समाविष्ट पाँच वटा कथाका चरित्रको विश्लेषण यस प्रकार गरिन्छ :

'छिमेकी' कथाका प्रमुख पात्र गुमाने र धनजिते हुन् । यी दुवै पात्र पुरूष, अनुकूल पात्रका रूपमा कथामा उभिएका छन् । यी दुवै पात्र गतिशील, ग्रामीण, श्रमिक र गरिब छन् । मञ्चीय पात्रका रूपमा गुमाने र धनजिते कथामा उपस्थित छन् । सत्पात्रका रूपमा गुमानेलाई देखाएको पाइन्छ । यसमा आदर्शवादी पात्रका रूपमा गुमानेलाई प्रस्तुत गरिएको छ । अन्य सहायक पुरूष, असत् पात्रका रूपमा धर्मानन्द पाध्या र आशामरू साहु कथामा देखा परेका छन् । गुमानेकी स्वास्नी, धनजितेकी स्वास्नी, गाउँलेहरू नेपथ्य, गौण पात्रका रूपमा कथामा उपस्थित छन् ।

'मधुमालतिको कथा' मा शङ्कर र गौरी मुख्य पात्रका रूपमा उपस्थित छन् । शङ्कर निम्न वर्गीय बाल पुरूष पात्र हो । गौरी धनाँढ्य परिवारमा जन्मेकी स्त्री पात्र हो । यी दुवै मुख्य पात्र अबोध छन् । गौरी र शङ्कर गतिशिल पात्र हुन् । यी पात्र कथाको

सुरूदेखि अन्त्यसम्म सक्रिय रूपमा आएका छन् । शङ्कर निश्छल, अबोध, जिद्दीवाल र बर्गीय पात्र  हो । गौरी र शङ्कर दुबै मञ्चीय पात्र हुन् । गौरी अबोध निःस्वार्थी र वर्गीय पात्र हो । अन्य सहायक पात्रका रूपमा शङ्करकी आमा, बाबु र गौरीकी फुपू रहेका छन् । यी सबै बद्द पात्र  भएकाले यिनको कथामा महत्त्वपूर्ण भूमिका छ । गौण पात्रका रूपमा कथामा गौरीका बाबु, गोपाल, मधुकर, मालती, राक्षस्नीहरू, शिबे, गोरे, माने, बुढा र नोकर आदि नेपथ्य रूपमा रहेका छन् । यी गौण र निष्कृय पात्र हुन् ।

'रात भरि हुरी चल्यो' कथामा कालेका बा र कालेकी आमा प्रमुख पात्र हुन् । कालेका बा पुरूष, परिश्रमी, वर्गीय बयस्क उमेरको पात्रका रूपमा कथामा उभिएका छन् । कालेका बा गतिशील, अनुकूल, वर्गीय, मञ्चीय र बद्ध पात्र हुन् । कालेकी आमा सङ्घर्षशील, गतिशील, परिश्रमी, वर्गीय, मञ्चीय र बद्ध चरित्रका रूपमा कथामा प्रस्तुत गरिएको छ । प्रमुख स्त्री पात्र कालेकी आमा आत्मबल युक्त, बुद्धिमतापूर्ण र स्वाभाविक चरित्र हुन् । सहायक पात्रमा दोरङ्गिनी, बाबुनी, दर्जिनी र चौकिदार्नी रहेका छन् भने गौण पात्रमा काले, कालेकी बहिनी, मोक्तान बाबु, मैलो जामा लगाएकी केटी, बोज, मधिसे, सिपाही, बीबी गुरूङकी श्रीमती र डाक्टर आदि नेपथ्य, मुक्त र व्यक्तिगत पात्रका रूपमा कथामा उपस्थित छन् ।

'शत्रु' कथा अल्प पात्र भएको कथा हो । यसका प्रमुख पात्र कृष्ण राय हुन् । प्रमुख, पुरूष पात्र कृष्ण राय मानसिक चिन्ताले छट्पटाएका छन् । कृष्ण राय अनुकुल, गतिशील, व्यक्तिगत, र मञ्चीय पात्र हुन् । कृष्ण राय परिवर्तनशील पात्र हुन् । शङ्कालु पात्रका रूपमा रायको मनोदशालाई कथामा वर्णन गरिएको छ । अन्य सूच्य पात्रका रूपमा कृष्ण रायको धर्मपुत्र, नोकर, रामे, गोविन्द, पण्डित, गोरे, जमदार, मास्टर, कैयाँ, कृष्णका दाजु भाइ, पुलिस इन्स्पेक्टर आदि छन् । यिनीहरू नेपथ्य, मुक्त र व्यक्ति पात्र हुन् ।

'हारजित' कथामा बहुलपात्रको प्रयोग गरिएको पाइन्छ । यस कथाका केन्द्रीय पात्र घुरहु र मनोहर हुन् । घुरहु र मनोहर पुरूष पात्र हुन् । घुरहु सत् चरित्र भएको, इमान्दार र सहयोगी पात्र हो । घुरहु सामाजिक प्रतिष्ठाका लागि त्याग गर्न सक्ने पात्र हुन् । मनोहर प्रतिद्वन्दी, गाउँले, र धनाढ्य पुरूष पात्र हो । यी दुवै पात्रहरू गतिशील, व्यक्तिगत, अनुकूल, मञ्चीय, र बद्ध पात्रका रूपमा उपस्थित छन् ।

अन्य पात्रहरूमा अलगुवा, सोनवा, बदरिया, उत्तराहे, तयफवा, मनोहरको छोरो, घुरहुकी पत्नी, अलगुवाको छोरो, रतिया र रतियाका ससुरा, गाउँले आदि यस कथाका सहायक पात्र हुन् , कथामा यिनीहरूको मञ्चीय रूपमा भूमिका रहेको छ । माथिका पात्र मध्ये केही सूच्य पात्र पनि रहेका छन् । जसको भूमिका खासै पाइँदैन । बहुल पात्रको प्रयोग गरिए पनि मुख्य पात्रको भूमिका प्रमुख रहेको छ । उ.मा.वि. तहको अनिवार्य नेपालीमा समाविष्ट कथामा रहेका चरित्रलाई समग्र रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. २

कथाका पात्रहरू

| छिमेकी | रातभरि हुरी चल्यो | मधुमालतीको कथा | शत्रु | हारजित |
|---|---|---|---|---|
| गुमाने, धनजिते, आशामरु साहु, धर्मानन्द पाध्या, गुमानेकी स्वास्नी, धनजितेकी स्वास्नी, गाउँलेहरू । | कालेका बा, कालेकी आमा, दोरङ्गिनी, बाबुनी, चौकिदार्नी, काले, कालेकी बहिनी, मोक्तान बाबु, केटी, बोज, मधिसे, सिपाही, बी.बी.गुरुङकी श्रीमती, डाक्टर, दर्जिनी । | गौरी, शङ्कर, मधु, मालती, शङ्करका बुवा, शङ्करकी आमा, गौरीका बुवा, गौरीकी दिदीआमा, गोपाल, राक्षस्नीहरू, शिबे, माने, बुढा, नोकर । | कृष्ण राय, कृष्ण रायको धर्म पुत्र, नोकर, रामे, गोविन्द पण्डित, गोरे, जमदार, मास्टर केदार, कैया युवक, कृष्णका दाजुभाइ, पुलिस इन्स्पेक्टर, कन्हैया, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली । | घुरहु, मनोहर, अलगुवा, सोनवा, रतिया, गोज्याङ्ग्रो छोरो, बदरिया, उत्तराहे, तयफवा, मनोहरको छोरो, घुरहुकी पत्नी, रतियाका ससुरा, गाउँले । |

माथिको तालिकामा उल्लेख भए अनुसार छिमेकी कथामा थोरै पात्रको प्रयोग भएको छ । मधुमालतीको कथा कथामा मुख्य र सहायक पात्रको प्रयोग गरिनुका साथै अन्य पात्रको पनि प्रयोगले बहुल पात्रको कथामा उपस्थिति देखिन्छ । रातभरि हुरी चल्यो कथा बहुल

पात्रको उपस्थिति छ । शत्रु कथामा कृष्ण राय प्रमुख पात्र हुन् भने अन्य सबै पात्रहरूको भूमिका सहायक र गौण रहेको पाइन्छ । यस कथामा अल्प पात्र रहेका छन् । हारजित कथामा बहुल पात्रको प्रयोगले कथा रोचक बनेको छ । यसरी हेर्दा सबै कथाभन्दा थोरै पात्रको प्रयोग गरिएको कथा छिमेकी हो ।

## ३.१.३ परिवेश

देश, काल, वातावरण र परिस्थितिलाई कथामा परिवेश भनिन्छ । पात्रले भोगेको जीवन जगतको चित्रण गर्ने भावभूमिलाई नै परिवेश भनिन्छ । कथानक अनुसार समय, स्थान, रीतिस्थिति, चालचलन, रहन, सहन आदिलाई परिवेश भनिन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका पाँच वटा कथाको परिवेशको निम्नानुसार विश्लेषण गरिन्छ ।

'छिमेकी' कथामा रूढिवादी, अशिक्षित, गरिब एवम् सरल, पहाडी गाउँले परिवेश रहेको पाइन्छ । असारको रोपाइँको चहल पहल, गाउँबेसीको अवस्था, हिउँदे पसल, घुम ओढ्ने चलन रहेको पाइन्छ । खेतिपाती गर्ने, जान्ने बसाउने चलन, देवीको दोष, पूजा आजामा विश्वास गर्ने, जडिबुटीको प्रयोग गर्ने, साहुको भारी बोक्ने, यथार्थ ग्रामीण समाजको चित्रण पाइन्छ, असार देखि भदौसम्म तिन महिनाको समय यस कथामा रहेको छ । सोझा अशिक्षित, रूढिवादीमा विश्वास गर्ने परम्परा रहेको छ । यस कथाले २००७ साल पूर्वको सामाजिक यथार्थलाई प्रस्तुत गरेको छ । धनीहरूले स्वार्थीपन देखाएको नेपाली, पहाडी, ग्रामीण समाजको चित्रण गरेको पाइन्छ । यस कथामा स्थानीय बोलचालको भाषाको प्रयोग गरिएको छ । ज्यामिरे खेत, चौतारो, कुलो आदिको कथामा वर्णन गरिएको छ ।

'मधुमालतीको कथा' मा काठमाडौं बाहिरको परिवेश रहेको छ । निम्न र उच्च वर्गका मानिसको बसोबास भएको समाजको चित्रण गरिएको छ । यस कथामा वर्गीय असमानता भएको परिवेश देखाएको छ । गौरीको परिवार सम्पन्न, मोटर बगैँचा, पौँडी पोखरी, बाइसाइकल आदि भएको परिवार हो । सम्पन्न र विपन्न वर्गको आर्थिक असमानता, भेदभाव, तिरस्कार र शोषणको वास्तविक अवस्था देखाउँदै बालप्रेममाथि कुठाराघाँत गरिएको छ । रूढीग्रस्त आडम्बरी प्रवृत्तिलाई कथाले उदाङ्ग पारेको छ । यस कथाले छोटो

समय लिएको छ । समावेशी समाजमा बसेका रूढीग्रस्त पात्र र परिवेशको वातावरण कथामा रहेको छ ।

'रातभरि हुरी चल्यो' कथामा दार्जिलिङको निम्न वर्गीय कृषक परिवारको विवशतालाई यथार्थ रूपमा चिनाएको छ । निम्न वर्गीय प्रमुख पात्रका घर परिवारले रातभरि हुरी चलेर गाउँमा पाएको दुःखलाई स्वाभाविक रूपमा चित्रण गरेको पाइन्छ । हुरी आएको र पानी परेको, छाना उढाएको, पानी चुहिएको, रूङ्दुङ खोलाको गर्जन, पहिरोको त्रास, गाईगोठ, बजारमा दुध बेच्ने, बाटोमा पहिरोको दृष्य, बजारका मानिसहरूको शोख, चौकीदारी पेशा आदि परिदृष्य कथामा वर्णित छन् । गरिब परिवारको गाई वस्तु पाल्ने ग्रामीण बाध्यता, अलि भिरालो ठाउँमा घर रहेको बस्तुस्थिति कथामा आएका छन् । यस कथामा सहरीया र गाउँले दुबै परिवेशलाई कथावस्तु अनुकुल स्वाभाविक रूपमा चित्रण गरिएको पाइन्छ । यस कथाले दुई दिनको समय लिएको छ । यसरी ग्रामीण र सहरीया, दुध बेच्ने र किन्ने वातावरणको चित्रण यस कथामा गरिएको छ ।

'शत्रु' कथामा अत्यन्त संक्षिप्त परिवेशको चित्रण गरिएको पाइन्छ । प्रमुख पात्र कृष्ण रायको सुत्नेकोठामा यस कथाको परिवेश सीमित छ । ग्रामीण परिवेशमा मध्यस्थ कर्ताको काम गर्ने, घरमा धनाढ्य व्यक्तिले नोकर राख्ने, धर्मपुत्र पाल्ने, आफू असुरक्षित भएपछि थानामा प्रहरी कहाँ जाने समाजको चित्रण कथामा गरिएको छ । कथामा सामाजिक सङ्कीर्ण मनस्थिति र शङ्कालु सोचाइलाई प्रस्तुत गरिएको छ । कथामा प्रमुख पात्रको मनोजगतको विश्लेषण गरिएको पाइन्छ । यस कथाले जम्मा एक रात र अर्को दिनको छोटो समय लिएको छ । मनोवैज्ञानिक कथा भएकाले प्रमुख चरित्र कृष्ण रायको मानसिक स्थितिको चित्रण गरी आन्तरिक वातावरण प्रस्तुत गरिएको छ ।

'हारजित' कथा आञ्चलिक भएकाले भैरहवा नजिकको तौलिहवाको गोटीहवा गाउँको परिवेशलाई लिइएको पाइन्छ । ग्रामीण मधेसी रीतिरिवाज र संस्कृति, सामाजिक प्रतिष्ठा र त्यसको अन्तर सम्बन्ध आदिलाई समेटिएको परिवेशको वस्तुगत चित्रण गरिएको पाइन्छ । गोउँलेहरू काम सकेर बस्ने, चनाको होरहा र रस पिउने, तमाखु खाने, पञ्चायत बस्ने, अनमेल विवाह गर्ने, लोक मर्यादा र खेतीपातीको बहस गर्ने, ठुलाबडाले समस्या सुझाइदिने जस्ता ग्रामीण परिवेशको कथामा उल्लेख छ । यस कथाले १ महिना जतिको समयलाई

ओगटेको छ । यस कथामा आञ्चलिक भाषाको प्रयोग पाइन्छ । गाउँले परिवेशमा लेखिएको यस कथामा समाजका मान्यजनले दिएको निर्णय अन्तिम हुने परिस्थितिलाई प्रस्तुत गरिएको छ ।

## ३.१.४ उद्देश्य

कथाले अभिव्यक्त गर्ने सन्देशलाई उद्देश्य भनिन्छ । कथाले कुनै न कुनै उद्देश्य प्रदान गरेको हुन्छ । कुनै कथाले मनोरञ्जन, कुनैले नैतिक सन्देश र कुनै कथाले सामाजिक यथार्थलाई प्रस्तुत गर्ने उद्देश्य लिएका हुन्छन् । कथाले दिने उद्देश्यमा कथाकारको मनोदशाले प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूका उद्देश्य निम्नानुसार विश्लेषण गरिन्छ :

'छिमेकी' कथाले गुमाने मार्फत् आदर्श छिमेकीको परिचय दिएको छ । आपद विपदमा छिमेकीको सहयोग चाहिँन्छ । छिमेकी भनेको मर्दाको मलामी र जिउँदाको जन्ती हो भन्ने सन्देश दिएको पाइन्छ । छिमेकमा रहँदा कहिले काही गोडा लाग्न सक्छ । बैगुनीलाई गुनले मार्नुपर्छ । गुमाने जस्तो स्वाभिमानी, मानवतावादी र निःस्वार्थी व्यक्ति हुनु पर्छ भन्ने सन्देश कथाले दिएको छ । यस कथामा धनको घमण्ड, इर्ष्या, द्वेष, घमण्ड, स्वार्थ, सङ्कीर्णता, आडम्बर जस्ता खराब दुर्गुणलाई त्याग्नु पर्छ भन्ने उद्देश्य रहेको पाइन्छ । पैसाका लागि आत्मा बेच्ने नीच प्रवृत्तिको अन्त्य नभइ सामाजिक सद्भाव, एकता र शान्ति सम्भव छैन भन्ने आर्दशलाई कथाले मूल उद्देश्यका रूपमा अघि सारेको छ ।

'मधुमालतीको कथा' मा बाल मनोविज्ञानलाई चिनाउने उद्देश्य लिएको पाइन्छ । यस कथाले वर्ग भेदपूर्ण, असमान, आडम्बरी, शोषित पीडित नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको छ । धनीवर्गले गरिबलाई हेर्ने दृष्टिकोणप्रति निन्दा गर्दै, वर्गीय रवाफ र हेपाहा प्रवृत्तिको अन्त्य हुनु पर्ने सन्देश दिएको छ । गरिबले धनीको मौजामा पाइला राख्नै नहुने, आफ्नो समान प्रयोग गर्नै नपाउने बाल चञ्चलता देखाउन नहुने सामन्ती सोचाइको भत्सर्ना गरिएको छ । वर्गीय भेद गर्ने सङ्कीर्ण सोचाइले बाल बालिकालाई मानसिक रूपमा कुष्ठित पार्छ । त्यस्तो रूढीवादी सोचलाई बदलेर समुन्नत समाजको निर्माण गर्नु पर्ने

प्रगतिवादी र परिवर्तनकामी उद्‌देश्य यस कथाको रहेको छ । यस कथाले सामाजिक शोषण र विकृतिप्रति सचेत गराइएको छ ।

'रातभरि हुरी चल्यो' कथामा सामाजिक यथार्थलाई प्रस्तुत गरिएको छ । प्रवासी नेपालीहरूको जीवन समस्याले घेरिएको हुन्छ । सङ्कटले भरिएको जीवनबाट मुक्त हुन स्थानान्तरण गर्दा राम्रो हुँदैन । आपद विपदसँग जुधेर आत्म विश्वासका साथ जिउँनु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । प्राकृतिक प्रकोप सहर या गाउँमा जतासुकै हुन्छ । मानिसलाई जुनसुकै ठाउँमा बसे पनि सुख पाइँदैन भन्ने कुरा कालेकी आमा बजार गएपछि बी.बी. गुरूङ्की श्रीमतीको मृत्यु भएको थाहा पाउछिन् । मानिसले आफूसँग जे, जति, जस्तो अवस्थामा छ त्यसैलाई मजबुत बनाएर बस्नुपर्छ । असम्भव सपना देखेर त्यसैको पछाडि दौड्नु हुँदैन भन्ने यस कथाको मुख्य उद्‌देश्य हो । प्राकृतिक विपतिबाट भागेर समस्या समाधान हुँदैन त्यसको प्रतिकारबाट नै सफल जीवनयापन गर्न सकिन्छ । सङ्घर्षबाट नयाँ अनुभव गर्न सकिन्छ भन्ने सन्देश दिनु यस कथाको मुख्य उद्‌देश्य हो ।

'शत्रु' कथाले मानव जीवनको मानसिक पक्षको उद्‌घाटन गरेको छ । यस कथाका प्रमुख पात्र कृष्ण रायको मनोविश्लेषण गर्नु यस कथाको मुख्य उद्‌देश्य हो । धन, यश र इज्जतले सम्पन्न कृष्ण रायमाथि लट्ठी प्रहार हुनु अनौठो कुरा हो । शत्रु बन्न कुनै कारण चाहिँदैन । कुनै न कुनै स-साना निहुँमा पनि शत्रुता बढ्दै जान्छ । निर्दोष कुरामा पनि विष बनेर शत्रुता बढी रहेको हुन्छ । मध्यस्थ बस्नु सबै भन्दा निर्दोष काम भए पनि कुनै एक पक्षको चित्त नबुझे सोही व्यक्ति आफ्नो शत्रु बन्न सक्छ भन्ने यथार्थ पक्षलाई कथाले उद्‌घाटन गरेको छ । कृष्ण राय जस्ता सरल, शिष्ट, भद्र, सहृदयी, विनयशील, तटस्थतामा पनि अनेक किसिमका शत्रुका नमुना देखिन्छन् । कोही पनि व्यक्ति अजात शत्रु हुँदैन भन्ने सन्देश कथाले दिएको छ ।

'हारजित' कथाले प्रतिष्ठा कमाउन त्याग गर्नु पर्छ भन्ने सन्देश दिएको छ । यस कथाका मुख्य दुई पात्र बिच द्‌वन्द्‌व देखाएर यसैलाई कथाले पुष्टि गरेको पाइन्छ । घुरहु र मनोहर आ-आफ्नो अडानमा अडिग रहेका छन् । तराईको सामाजिक समस्यालाई देखाउनु यस कथाको मुख्य उद्‌देश्य हो । व्यक्तिको त्याग, समर्पण र सेवा भावले उसको आदर्श र इज्जत बढ्छ । आर्थिक संमृद्‌धि र अहम् भाव र षड्‌यन्त्रले व्यक्तिको प्रतिष्ठा बढ्दैन भन्ने

सन्देश यस कथाले दिएको छ । घुरहुले आफ्नी विवाहित छोरीलाई कामदारका रूपमा मनोहरका घरमा सोनवाको बदलाका रूपमा दिएका छन् । आफ्नो प्रतिष्ठाको लागि मनोहरले रतियालाई छोरीझै ठानी भव्यरूपमा विदाइ गराएका छन् । यसरी यी पात्रहरू बिच कसको हार र कसको जित छुट्याउन अन्योल रहेको छ । यही सामान्य घटनालाई पनि सामाजिक प्रतिष्ठासँग जोडेर कथाले उदारता र त्यागको सन्देश दिएको छ । यसरी एकापसमा एकै ठाउँमा बसे पछि आपसी द्वन्द्व द्वेष, रिस, रागलाई त्यागेर निश्वार्थ र स्वच्छ समाजको निमार्ण गर्नुपर्छ भन्ने यस कथाको मूल उद्देश्य हो ।

## ३.१.५ भाषाशैली

कथामा व्यक्त गरिने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । शैली प्रत्येक व्यक्तिमा एउटै हुँदैन । भाषा शैली अलग - अलग कुरा हुन् । भाषाका माध्यमले विचारलाई अभिव्यक्त गर्ने तरिका, ढाँचालाई शैली भनिन्छ । उ.मा.वि. तहको अनिवार्य नेपालीमा सामावेश कथाहरूमा प्रयोग गरिएको भाषाशैलीलाई निम्नानुसार विश्लेषण गरिन्छ ।

'छिमेकी' कथामा कथाकार गुरू प्रसाद मैनालीले सरल सहज पात्र अनुसारको भाषाको प्रयोग गरेका छन् । पात्रको अवस्था अनुकुल बोलचालको 'जिउँदाको जन्ती र मर्दाको मलामी' जस्ता उखान टुक्कायुक्त भाषाको प्रयोग पाइन्छ । कथाको प्रस्तुति तृतीय पुरूष दृष्टिविन्दुमा रहेको छ । गाउँले परिवेशमा बोलिने स्थानीय भाषिक भेदको प्रयोग गरिएको पाइन्छ । सरल, सहज, र सुबोध भाषा शैलीले कथा उत्कृष्ट बनेको छ । प्राकृतिक लोक भाषाको प्रयोगले छिमेकी कथा उत्कृष्ट र स्वाभाविक बन्न पुगेको छ । गुमाने, धनजिते, धर्मानन्द, आशामरुको अभिव्यक्तिले सामाजिक आधार स्पष्ट पारेको देखिन्छ ।

'मधुमालतीको कथा' मा सरल र स्वाभाविक भाषाको प्रयोग भएको छ । मधुकर र मालतीको कथामा प्रतिकात्मक रूपमा प्रयोग गरी बालप्रेमको हार्दिक भावनालाई चिनाइएको छ । बाल भाषा र प्रौढ भाषा शैलीको प्रयोग यस कथामा भएको छ । कथाको संवाद रोचक तुल्याउन सरल भाषाशैली र स्वच्छन्द वर्णन गरिएको छ । कथाको प्रस्तुति तृतीय पुरूष दृष्टि विन्दुमा भएकोले कथाको भाषाशैली उत्कृष्ट र पात्रानुकूल रहेको छ । प्रतीक र

बिम्बको प्रयोग गरी मिथकलाई कथामा प्रस्तुत गरिएकाले भाषा शैली आकर्षक बन्न पुगेको छ । कथाको भाषा शैली रोचक, स्वभाविक पात्र अनुसार र कौतुहलपूर्ण   पाइन्छ ।

'रातभरि हुरी चल्यो' कथाको भाषा सरल र स्वाभाविक रहेको पाइन्छ । यसमा दार्जिलिङको टस, दाम्लो, टाँड र भाको जस्ता क्षेत्रीय शब्दको प्रभाव छ । कथामा छोटो, छरितो र स्वाभाविक संवादको प्रयोग गरिएको पाइन्छ । यस कथामा छप्पर, तियार, जानिएन रैछ, बछेटा र ढिस्कुना जस्ता आञ्चालिक शब्दको प्रयोग पाइन्छ । कतै कतै पूर्वस्मृति पाइए पनि समग्रमा रैखिक ढाँचामा कथा अघि बढेको छ । तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसरी कथाको भाषा शैलीमा भाषिक र शैल्पिक आकर्षण पाइन्छ । पात्र अनुसारको संवाद छोटो छरितो अभिव्यक्ति सरल र जटिल दुबै वाक्यको सार्थक प्रयोगले कथा आकर्षक बन्न पुगेको छ ।

'शत्रु' कथामा सरल र स्वाभाविक भाषाको प्रयोग भएको छ । कथाको सुरूमा नै "आखाँमा राखे पनि नबिझाउने" जस्तो उखानको प्रयोग गरिएको छ । यस कथामा शिर, दुष्परिणाम, ईर्ष्यालु, यश जस्ता तत्सम शब्दको प्रयोग गरिएको छ । लठ्ठी, गाउँले, रातो जस्ता तत्भव र पुलिस, इन्स्पेक्टर, रेल जस्ता आगन्तुक शब्दको प्रयोग कथामा पाइन्छ । कृष्ण रायले मानसिक तनावमा बोलेको भाषा कथामा वर्णित छ । निर्दोष कुरामा पनि 'विषालु साँप' जस्तो वैरी बनाउने साधन रहेको हुन्छ भनेर बिम्ब र प्रतीकको प्रयोग पाइन्छ । यो तृतीय पुरूष दृष्टि बिन्दुमा रचित कथा हो । यस कथाको भाषा शैली पात्रानुकूल रहेको छ ।

'हारजित' कथामा होरहा, बहुरीया, खोर्सानी, भुसाकुट्टी जस्ता पूर्वी तराईको महतो समुदायमा प्रचलित शब्दहरूको प्रयोग गरिएको छ । यस कथामा गृहस्थी, तत्परता, रस, किंकर्तव्यविमूढ जस्ता तत्सम शब्दको प्रयोग पाइन्छ । पुतरीया, आल्मुनियम, बखत, जजिम जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । यस कथामा पूर्वी तराईमा बोलिने भाषाको पात्रानुकूल प्रयोग भएको छ । तृतीय पुरूष दृष्टि विन्दुको प्रयोगले कथा रोचक बनेको छ । होरहा, भुसाकुट्टी जस्ता शब्दको प्रयोगले कथाको भाषा शैली जटिल बन्न पुगेको छ ।

माथिका पाँच वटा कथामा फरक फरक भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । नमूना छनोटमा परेका शिक्षक र विद्यार्थीहरूसँग गरिएको प्रश्नावलीका आधारमा नेपाली समाविष्ट कथामा प्रयोग गरिएको भाषाशैलीको बोध गम्यता र रूचिपूर्णतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३
बोध गम्यता र रूचिपूर्णताका आधारमा कथा

| क्र. सं. | कथा | बोध गम्यताको आधार | | | रूचिपूर्णताको आधार | | |
|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | उच्च | मध्यम | निम्न |
| १ | छिमेकी | २७ (७७.१४%) | - | - | २२ ६२.८५%) | - | - |
| २ | मधुमालतीको कथा | - | - | - | - | - | ६ (१७.१३%) |
| ३ | रातभरि हुरी चल्यो | - | - | २ (५.७१%) | - | - | - |
| ४ | शत्रु | - | ६ (१७.१४%) | - | - | ७ (२०%) | - |
| ५ | हारजित | - | - | - | - | - | - |

माथिको तालिकामा उल्लेख गरिए अनुसार नमुना छनोटमा परेका ३५ जना शिक्षक र विद्यार्थीहरूसँग गरिएको अन्तर्वार्ता अनुसार बोध गम्यताका आधारमा छिमेकी कथा उच्च रहेको छ । यसमा २७ जना (७७.१४%) ले बोधगम्य रहेको कुरा बताएका छन् । यसै गरी शत्रु कथामा ६ जना (१७.१४%) ले बोधगम्य रहेको कुरा बताएका छन् । यसै गरी रातभरि हुरी चल्यो कथा निम्न रहेको छ । जसमा २ जना (५.७१%) ले बोध गम्य रहेको कुरा उल्लेख गरेका छन् । मधुमालतीको कथा र हारजित कथालाई बोध गम्यताका आधारमा शिक्षक र विद्यार्थीहरूले उच्च, मध्यम र निम्नमा नलिएको पाइन्छ ।

रूचिपूर्णताको आधारमा छिमेकी कथामा २२ जना (६२.८५%) ले रूचि देखाएको पाइन्छ । शत्रु कथामा ७ जना (२०%) ले रूचि देखाएको पाइन्छ भने सबैभन्दा निम्न मधुमालतीको कथामा ६ जना (१७.१३%) ले रूचि देखाएको पाइन्छ । रूचिपूर्णताका

आधारमा रातभरि हुरी चल्यो कथामा शिक्षक र विद्यार्थीहरूले उच्च, मध्यम र निम्नमा नलिएको पाइन्छ ।

## ३.२ कथा विधाको क्षेत्र र क्रम

क्षेत्र भन्नाले विधाले ओगटेको स्थान र क्रम भन्नाले विधाको क्रमिकता भन्ने बुझिन्छ । कथा विधामा समावेश गरिएका पाठहरूले कुन कुन क्षेत्र, स्रोत वा विषय ओगट्न सफल छ भन्ने बुझिन्छ । कथा विधाको क्रम भन्नाले श्रृङ्खला वा क्रमिकता भन्ने बुझिन्छ । विविध क्षेत्रबाट विषय वस्तु समेट्नु पाठ्यक्रमको असल गुण हो । पाठ्यवस्तु मात्र समेटेर पनि हुँदैन, ती विषय वस्तु स्तरण पनि वैज्ञानिक तवरले सरलबाट जटिल तर्फ उन्मुख गराउनु पर्छ । उ.मा.वि. तहको पाठ्यक्रममा पनि यही कुरालाई समेटको पाइन्छ । यस उ.मा.वि. तहको पाठ्य पुस्तकमा जम्मा पाँच वटा कथाहरू समेटेको पाइन्छ । जसमा पौराणिक र लोक कथा समेटेको पाइँदैन । पाँचवटै कथाहरू आधुनिक कथा छन् । सबै कथामा सामाजिकता देखिन्छ । ती कथाहरूमा क्रमिकता पनि मिलेको पाइँदैन । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको क्षेत्र र क्रम अनुरूपतालाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं. ४

कथा विधाको क्षेत्र र क्रम

| क्र.स | कथा शीर्षक | क्षेत्र | क्रम अनुरूप छ /छैन |
|---|---|---|---|
| १ | छिमेकी | सामाजिक | छ |
| २ | मधुमालतीको कथा | सामाजिक बाल मनोवैज्ञानिक, लोक | छैन |
| ३ | रातभरि हुरी चल्यो | सामाजिक | छैन |
| ४ | शत्रु | सामाजिक मनोवैज्ञानिक | छैन |
| ५ | हारजित | सामाजिक मनोवैज्ञानिक | छैन |

उ.मा.वि. तहको पाठ्यक्रमले सामाजिक र लोकबाल मनोवैज्ञानिक कथा पाठ्य पुस्तकमा समाविष्ट गरेको पाइन्छ । छिमेकी र रातभरी हुरी चल्यो कथाले सामाजिक क्षेत्र ओगटेको पाइन्छ । शत्रु र हारजित कथाले सामाजिक विषय वस्तुलाई प्रस्तुत गरी मनोवैज्ञानिक क्षेत्र ओगटेको पाइन्छ । मधुमालतीको कथा बाल मनोवैज्ञानिक कथा हो । यस

पाठ्य पुस्तकमा ५ वटा आधुनिक कथा समेटिएको पाइन्छ । पौराणिक, बिचार प्रधान र ऐतिहासिक कथालाई पाठ्यक्रममा समेटेको पाइँएन ।

दोस्रो पाठमा 'छिमेकी' कथा चौथो पाठमा 'मधुमालतीको कथा' दशौं पाठमा 'रातभरि हुरी चल्यो' कथा तेह्रौं पाठमा 'शत्रु' कथा र पन्ध्रौं पाठमा 'हारजित' कथा राखेकाले कथाको क्रम मिलेको पाइँदैन । पहिलो र दोस्रो कथा बिच दुई पाठ, दोस्रो र तेस्रो कथा बिच छ पाठ, तेस्रो र चौथो कथा बिच तिन पाठ र चौथो र पाँचौं कथा बिच दुई पाठको अन्तरले कथाको क्रम मिलेको पाइएन । यी कथाहरूको क्रम मिलाउनका लागि दोस्रो पाठमा 'छिमेकी', पाँचौं पाठमा 'मधुमालतीको कथा', आठौं पाठमा 'रातभरि हुरी चल्यो', एघारौं पाठमा 'शत्रु' कथा, चौधौं पाठमा 'हारजित' कथा र सत्रौ पाठमा एक चिहान उपन्यास समेटिएको खण्डमा आख्यानको क्रम मिल्छ । यसो गर्दा प्रत्येक दुई पाठको अन्तरालमा एउटा एउटा कथा समेटिन्छ । जसले गर्दा कथाको क्रम मिल्न जान्छ ।

## ३.३ अङ्क र समय विभाजन

पाठ्यक्रमका आधारमा पाठ्य पुस्तकको निर्माण गरिन्छ । पाठ्यक्रम अनुसार निर्मित पाठ्य पुस्तकमा साहित्यका कथा, कविता, निबन्ध, उपन्यास, नाटक विधा समावेश गरिएको पाइन्छ । ती विधाहरूलाई के कति समय र अङ्क दिने भन्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको हुन्छ । पाठ्यक्रममा समावेश गरिएको सबै विधाहरूलाई समान समय र अङ्क दिइएको हुँदैन । किनभने पाठ्य विधाको क्षेत्र पाठ्को संरचना र जटिलताका हिसाबले समय र अङ विभाजन गरिएको हुन्छ । विधाको लागि निश्चित समय र अङ्क तोकिएको  खण्डमा पाठ्क्रमका उद्देश्य परिपूर्ति हुन सक्छन् । अङ्क र समय तोकेको पाठ्यक्रमबाट विद्यार्थी, शिक्षक र पाठकलाई सहयोग हुन्छ । जसबाट शिक्षक र विद्यार्थीहरू अलमलमा नपरी पाठ्यक्रममा समेटिएका विधालाई तोकिएकै समयमा पुरा गर्न सहयोग पुग्ने देखिन्छ ।

तालिका नं. ५

वर्तमान उ.मा.वि. पाठ्यक्रम २०५७ ले व्यवस्था गरेको विषयवस्तुगत अङ्कभार

| क.स. | विधागत विषयवस्तु | अङ्क भार |
|---|---|---|
| १ | व्याकरण | ४० |
| २ | पठनबोध | १० |
| ३ | बुँदाटिपोट वा संक्षेपीकरण | ५ |
| ४ | पत्र वा व्यवहारिक लेखन | ५ |
| ५ | प्रतिवेदन लेखन वा टिप्पणी | ५ |
| ६ | निबन्ध लेखन | १० |
| ७ | नाटक उपन्यास | १० |
| ८ | कथा, कविता | १० |
| ९ | सहित्यिक रचनाको पठन | ५ |
| | जम्मा | १०० |

उ.मा.वि. तहको अनिवार्य नेपाली विषयलाई १०० पूर्णाङ्क छुट्याएको पाइन्छ । यसको प्रयोग कक्षा ११ मा शिक्षा, मानविकी र वाणिज्य सङ्कायका विद्यार्थीहरूले अनिवार्य रूपमा पठन पाठन गर्दछन् । विज्ञान सङ्कायका विद्यार्थीहरूले कक्षा १२ मा अनिवार्य रूपमा पठन पाठन गर्दछन् । अङ्क विभाजनका दृष्टिले कथा र कविता विधालाई गरी जम्मा १० अङ्कभार छुट्याएको पाइन्छ । यसरी हेर्दा साहित्यका दुई विधालाई १० अङ्कभार कम रहेको देखिन्छ ।

उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा वर्तमान (उ.मा.वि. तहको पाठ्यक्रम २०५७) अनुसार जम्मा १९ वटा पाठ समेटिएको पाइन्छ । जसमध्ये ५ वटा कथाका पाठहरू समाविष्ट गरिएका छन् । १९ वटा पाठमध्ये ५ वटा कथा समावेश गरिनुले उपयुक्त नै मानिन्छ । उ.मा.वि. पाठ्य पुस्तकमा समावेश गरिएका पाठहरूको अध्ययनलाई यसरी प्रस्तुत गरिन्छ :

तालिका नं. ६

विधा, पाठ सङ्ख्या र पाठ्यभार

| क.स | विधा | पाठ सङ्ख्या | पाठ्यभार |
|---|---|---|---|
| १ | कथा | ५ | ३८ |
| २ | कविता | ५ | ३६ |
| ३ | निबन्ध | ५ | ४३ |
| ४ | उपन्यास | १ | १६ |
| ५ | नाटक | २ | २० |
| | जम्मा | १८ | १५० |

(स्रोत : उ.मा.वि. पाठ्यक्रम, २०६८)

नेपाली पाठ्य पुस्तकमा समावेश कथा विधाको लागि ३८ पाठ्यभार, कविता विधाको लागि ३६ पाठ्यभार निर्धारण गरिएको छ । निबन्ध विधाको लागि ४३ पाठ्यभार उपन्यास विधाको लागि १६ पाठ्यभार रहेको छ । नाटक विधाको लागि २० पाठ्यभार छुट्याइएको छ । यसरी हेर्दा निबन्ध विधाको लागि सबैभन्दा बढी पाठ्यभार राखिएको पाइन्छ । उ.मा.वि. तहको नेपाली विषयको पाठ्यक्रम अनुसार कथाका पाठ सङ्ख्या र समय विभाजन निम्नानुसार छ :

तालिका नं. ७

कथाका पाठ सङ्ख्या र समय विभाजन

| क.स | कथाका पाठकहरू | पाठ सङ्ख्या | पाठ्यभार (समय विभाजन) |
|---|---|---|---|
| १ | छिमेकी | १ | ७ |
| २ | मधुमालतीको कथा | १ | ८ |
| ३ | रातभरि हुरी चल्यो | १ | ६ |
| ४ | शत्रु | १ | ७ |
| ५ | हारजित | १ | १० |
| | जम्मा | ५ | ३८ |

उ.मा.वि. तहको पाठ्यक्रमले तोकेअनुसार अनिवार्य नेपाली पाठ्य पुस्तकको लागि १५० पिरियड समय तोकेको पाइन्छ । अन्य विधा छोडेर कथा विधालाई मात्र ३८ पिरियड समय विभाजन गरेको पाइन्छ । अन्य विधाबाहेक ५ वटा कथाको लागि ३८ पिरियड तुलनात्मक रूपमा उपयुक्त देखिन्छ । यी ५ वटा कथा मध्ये प्रत्येक कथाको संरचना, विषय

वस्तुगत जटिलताका आधारमा कुनै कथालाई कम र कुनै कथालाई बढी समय विभाजन गरिएको छ । यस पाठ्य पुस्तकमा समावेश पहिलो छिमेकी कथाको लागि ७ पाठ्य भार, दोस्रो मधुमालतीको कथाको लागि ८ पाठ्यभार, रातभरि हुरी चल्यो तेस्रो कथाको लागि ६ पाठ्यभार रहेको छ । यसैगरी चौथो शत्रु कथाको लागि ७ र पाँचौ हारजित कथाको लागि १० पाठ्यभार विभाजन गरिएको पाइन्छ । पाठ्यवस्तु तथा विषय वस्तुगत संरचनाका दृष्टिले सबै भन्दा कम तेस्रो रातभरि हुरी चल्यो कथाको लागि जम्मा ६ पिरियड समय तोकिएको छ भने सबै भन्दा बढी पाचौं हारजित कथाको लागि १० पिरियड समय निर्धारण गरिएको छ । समग्रमा हेर्दा सबै कथाका लम्बाइको आधारमा पाठको पिरियड समय ( पाठ्यभार) उपयुक्त देखिन्छ ।

## ३.४ कथाको वर्गीकरण

वर्तमान समयमा कथा विधा निकै चर्चित विधाका रूपमा स्थापित भएको छ । कथा विधालाई विषयका आधारमा उद्देश्यका आधारमा, रीति क्षेत्रका आधारमा, दृष्टि विन्दुका आधारमा र शैलीका आधारमा विभाजन गर्ने कामलाई कथाको वर्गीकरण भनिन्छ । विभिन्न विद्वानहरूले कथालाई भिन्न तरिकाबाट वर्गीकरण गरेका छन् । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट पाँचवटा कथालाई विषयका आधारमा निम्नानुसार वर्गीकरण गरिन्छ :

**क) सामाजिक कथा**

कुनै सामाजिक विषय वस्तुलाई आधार मानी रचना गरिएका कथालाई सामाजिक कथा भनिन्छ । गुरू प्रसाद मैनालीको छिमेकी कथा र इन्द्र बहादुर राईको रातभरि हुरी चल्यो कथा सामाजिक विषय वस्तुमा लेखिएका कथा हुन् । समाजमा घटेका घटनालाई आधार मान्दै यथार्थ झल्काउने गरी लेखिएका यी कथाहरूले नैतिक सन्देश दिइको पाइन्छ ।

यी कथालाई आधुनिक कथा अन्तर्गत राखिन्छ । गुरू प्रसाद मैनालीको ‘छिमेकी’ कथा सामाजिक यथार्थवादी कथा हो । यस घटना प्रधान कथाका प्रमुख पात्र धनजिते भोटे र गुमाने घर्ती हुन् । असारको महिनामा रोप्नलाई तयार भएको धनजितेको धानको बिउ गुमानेको गोरूले खाएकोले धनजितेले गुमानेका गोरूलाई मरणासन्न हुने गरी पिटेदेखि नै

यी दुई छिमेकी बिच विवाद भएको हो । यस झगडामा धर्मानन्द पाध्या र आशामरू साहुले खलनायकको भूमिका निर्वाह गरेका छन् । यी दुईपात्र बिच बोलचाल समेत बन्द भएर पानी समेत बाराबार भयो । भदौको महिनामा आँठेरोगले धनजितेको परिवार र उसलाई च्यापेकोले उदारवादी पात्र गुमानेले मानवता देखाएर सहयोग गरेर धनजितेको परिवारलाई बचाएको देखिन्छ । त्यसैले समाजमा मिलेर बस्नु पर्ने सामाजिक विषयवस्तुलाई यस कथाले प्रस्तुत गरेको छ ।

इन्द्र बहादुर राईको 'रातभरि हुरी चल्यो' कथा सामाजिक परिवेशमा लेखिएको सामाजिक यथार्थवादी कथा हो । यस कथाका पात्रहरू कालेका बा र कालेकी आमा हुन् । यस कथामा कालेका बा र आमा प्रवासी नेपालीहरूका प्रतिनिधि पात्र हुन् । कालेका बा र आमाले भोग्नु परेको समस्या र जीवन संघर्षलाई देखाउने प्रयास गरिएको पाइन्छ । कालेका बा र आमाले गाउँ वा सहर जता बसे पनि आफैले आपद विपतसँग जुधेर बस्नु परेको यथार्थ घटनालाई यस कथाको विषय वस्तु बनाइएको छ ।

**ख) मनोवैज्ञानिक कथा**

मानव मनमा उत्पन्न भएका संवेगहरू आँसु, हाँसो, रिस, चिन्ता, आक्रोश, डर आदिलाई आधार मान्दै लेखिएका कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । यस्ता कथाहरूमा प्रत्येक मानिसका मानसिक द्वन्दवहरूलाई छर्लङ्ग पारिएको हुन्छ । उ.मा.वि. तहको यस पाठ्य पुस्तकमा विश्वेश्वर प्रसाद कोइरालाको 'शत्रु' र भवानी भिक्षुको 'हारजित' कथा यस अन्तर्गत पर्दछन् ।

विश्वेश्वर प्रसाद कोइरालाको शत्रु कथा आधुनिक मनोवैज्ञानिक यथार्थवादी कथा हो । यस कथाका प्रमुख पात्र कृष्ण राय हुन् । उनी गाउँका भद्र र इमान्दार मानिसका रूपमा परिचित छन् । झगडियाहरूका मध्यस्थ बनेर अरूको दुःखमा सहानुभूति गर्ने कृष्ण राय आफ्नो कोही पनि शत्रु नभएको ठान्थे । जब उनीमाथि सुतिरहेको समयमा लठ्ठीको प्रहार भयो त्यस पछि उनले सम्पूर्ण विगतका मित्रलाई पनि शत्रु ठान्न पुगेका छन् । यसरी हरेक व्यक्ति शत्रु रहित हुन सक्दैनन् भन्ने यस कथाको प्रमुख पात्र कृष्ण रायको धारणा रहेको छ । कृष्ण रायको मनस्थितिको चिरफार गरिएको हुँदा यो कथा मनोवैज्ञानिक हो ।

भवानी भिक्षुद्वारा लिखित 'हारजित' कथा पनि सामाजिक मनोवैज्ञानिक कथा हो । यस कथाका प्रमुख पात्रहरू घुरहु महतो र मनोहर महतो हुन् । अलगुवाकी बुहारी सोनवालाई मनोहरले आफ्नो घरमा कामदारको रूपमा राखेको छ । घुरहुले सोनवालाई लाख विन्ती गर्दा पनि मनोहरले नमानेकाले अलगुवाको समस्यालाई मध्यनजर गरी आफ्नी विवाहित छोरी रतियालाई कामदारका रूपमा राखी सोनवालाई फिर्ता गर्न आग्रह गर्छन् । यसरी घुरहु पुत्री रतियालाई मनोहरले आफ्नै छोरी जस्तै मान्दै उनको ससुरा बोलाएर मिठाइ, लत्ता कपडा सहित लावालस्कर लगाएर आफ्नै घरबाट विदाइ गर्छन् । यसरी यस कथामा कसको जित भयो भन्न सकिदैन । यी दुई पात्रको मानसिक द्वन्द्व भएकोले नै यस कथालाई मनोवैज्ञानिक कथा मान्न सकिन्छ । मनोहरमा रहेका दम्भ, श्रेष्ठपन, अह्म भावलाई चिनाउन यो मनोवैज्ञानिक कथा सफल भएको छ । यसरी यस कथाले मनोहरको मनोद्वन्दव, अचेतन अवस्था र सन्तुष्टिलाई चिनाउने प्रयास गरिएको छ ।

**ग) बाल मनोवैज्ञानिक कथा**

रमेश विकलको 'मधुमालतीको कथा' सामाजिक बाल मनोवैज्ञानिक-प्रगतिवादी कथा हो । यस कथाको प्रसङ्ग कोट्याउदै सामाजिक विषयवस्तुमा मनोवैज्ञानिक पक्षलाई सफलतासाथ संयोजन गरिएको यो कथा बाल मनोवैज्ञानिक कथा हो । यस कथामा धनी र गरिब वर्ग बिचको वर्गीय असमानता, धनी वर्गबाट गरिएका पाशविक एवम् शोषणको निन्दा गर्दै आर्थिक सामाजिक शोषणको तीब्र विरोध गरिएको छ ।

७ वर्षे गौरी र ८ वर्षे शङ्करलाई लोक कथाका मालती र मधुसँग तुलना गर्दै प्रमुख बालपात्रका रूपमा प्रस्तुत गरिएको छ । यस कथाको शङ्कर गरिब भएकोले नै गौरीकी फुपूले शङ्करलाई गाली गरेर गौरीसँगको साथित्त्व छुटाएको पाइन्छ । यी दुवै पात्र बिचको बाल प्रेममा धनी गरिब भएकै कारण गौरीकी फुपूले कुठाराघात गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । जसले गर्दा कोमल बाल पात्रमा नराम्रो असर परेको छ । यसको मूलकारण वर्गीय असमानता हो । गौरीका बुवा चढेको गाडीले शङ्करको आलु घोडा कुल्चेकाले सामन्ती शोषणको वास्तविकतालाई उदाङ्ग पारिएको छ । बाल बालिकाको मानसिकतालाई सम्पन्न व्यक्तिले कसरी कुण्ठित पार्दछन् भन्ने सामन्ती परम्परालाई चित्रण गरेको पाइन्छ । बाल बालिकाको कोमल दिमागमा वर्गभेदी कुभावना भर्दै मान्छेलाई कुर, अविवेकी र अमानवीय बनाउँछ भन्ने तथ्यलाई सङ्केत गर्दै कथाले प्रगतिवादी परिवर्तनकामी चिन्तन

व्यक्त गरेको छ । आनन्दानुभूति गराउनु, नैतिक सन्देश दिनु, बाल मनोविश्लेषण गर्नु कथाको प्रयोजन हो । उ.मा.वि. तहमा सामाजिक, मनोवैज्ञानिक, बाल मनोवैज्ञानिक विषयमा आधारित कथाहरू समेटिएका छन् । छिमेकी कथाले एक अर्कालाई सहयोग गर्दै समाजमा मिलेर बस्नु पर्ने सन्देश दिएको छ । यसै गरी मधुमालतीको कथा कथाले वर्गीय असमानता त्यागेर प्रगतिवादी र परिवर्तनकामी चिन्तन गर्नुपर्ने सन्देश दिएको छ । रात भरी हुरी चल्यो कथाले जहाँ बसे पनि संघर्ष गर्दै आशावादी भएर बाँच्न सिकाएको छ । 'शत्रु' कथाले यस संसारमा कुनै पनि मानिस शत्रु रहित छैन । प्रत्येक पलमा काम गर्दा होसियार भएर निष्पक्ष तरिकाले काम गर्नु पर्ने सन्देश दिएको छ । यस पाठ्यपुस्तकमा रहेको अन्तिम 'हार जित' कथाले मानिसमा रहेका दम्भ, श्रेष्ठपन, जमिनदार, महाजनी जस्ता अह्मता त्यागेर स्वच्छ र महान बिचार राख्नु पर्ने सन्देश दिएको छ । एक समाजमा बसेर आपसी द्वन्द्व, रिस र कुभावनाले व्यक्तित्त्वमा आँच आउने सङ्केत पनि कथाले दिएको छ ।

# अध्याय : चार
# कथाका पाठहरूको शैक्षणिक उपयोगिता

## ४.१ कथाको शैक्षणिक महत्त्व

मानव सभ्यताको आरम्भदेखि नै मनोरञ्जन, आनन्दको साधानका रूपमा कथा भन्ने र सुन्ने परम्पराको विकास हुँदै आएको छ । एड्गर एलेन पोका अनुसार आफैमा पूर्ण र छोटो इतिवृत्तलाई कथा भनिन्छ । प्राथमिक कालदेखि नै पौराणिक ऐतिहासिक, लोक कथा, नैतिक कथा, सामाजिक र आधुनिक कथा पाठ्य पुस्तकमा समावेश गरिएको पाइन्छ । शैक्षिक दृष्टिले कथाको प्रवृत्ति र भाषा प्रशिक्षणका आधारमा कथाको शिक्षण गर्नुपर्ने हुन्छ । कथा शिक्षार्थी र बौद्धिक पाठक बिचमा लोकप्रिय विधा हो । जिज्ञासा र उत्सुक्ता कथाका मूल सन्दर्भ हुन् । त्यसैले कथा पढ्नका लागि बालबालिका अति उत्सुक देखिएको पाइन्छ । कथालाई व्याख्यान विधि, कथा कथन विधि र पठन बोध विधिको प्रयोग गरेर कक्षा कोठामा शिक्षण गरिने भएकाले यसको  महत्त्व दिनानुदिन बढ्दै गएको छ ।

कथा शिक्षणले भाषिक संरचना बुझ्ने क्षमताको विकास गर्ने हुँदा कथा शिक्षणको महत्त्व उतिकै रहेको छ । कथा शिक्षणले बालबालिकामा शब्दभण्डारको विकास गराएर कल्पना शक्तिको विकास गराउँछ । विद्यार्थीहरूमा तार्किक शक्ति र सिर्जनात्मक शक्तिको विकास गर्दै साहित्यप्रति अभिरूचि जगाउँछ । विद्यार्थीको बोध क्षमता बढाउनुमा समेत कथा शिक्षणले सहयोग पुऱ्याउँछ । भाषिक सिपको विकास गर्दै अभ्यासमा अभिप्रेरित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । मुख्य-मुख्य बुँदा टिपोट गर्न र सारांश लेखनमा कथा शिक्षणले विद्यार्थीको बानीको विकास गराउँछ (रिमाल, २६१ : १४४) ।

कथा शिक्षणले चरित्र अनुकूल बानीको निर्माण गरी आफू समक्ष बनेर योग्य नागरिक सच्चरित्रताको विकास गराउन सहयोग गर्दछ । सामाजिक विकृति, विसङ्गति, हिनभावना, रिस, आपसी द्वन्द्व जस्ता नकारात्मक कुरालाई त्यागेर स्वच्छ समाजको निर्माण गर्न विद्यार्थीहरूलाई कथा शिक्षणले आग्रह गर्दछ । यसरी कथाले सामाजिक विकृति, विसङ्गति प्रस्तुत गरी समाजको जानकारी दिन्छ भने अर्कातिर भाषिक सिपको विकासमा मद्दत पुऱ्याउँछ ।

## ४.२ कथाका पाठहरूको शैक्षणिक उपयोगिता

नेपाली भाषा पाठ्य पुस्तकले भाषिक सिपको विकास गराउने लक्ष्य राखेको पाइन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथा, कविता, निबन्ध, उपन्यास, नाटक विधाको उद्‌देश्य पनि भाषिक कौशलको विकास गर्नु हो । जुनसुकै भाषा पाठ्य पुस्तकमा पनि यी विधा समेटेको पाइन्छ । यसरी विविध विधा समेट्नु नै असल पाठ्य पुस्तकको धर्म हो प्राथमिक तहदेखि उच्च तहसम्मका पाठ्य पुस्तकमा कथा विधा समेटिएको पाइन्छ । साहित्यका अन्य विधा भन्दा कथा विधाले जुनसुकै तहका विद्यार्थीहरूलाई पनि आनन्दानुभूति दिन्छ । कथा विधाले विद्यार्थीहरूलाई मात्र नभएर साहित्य अनुरागी जुनसुकै व्यक्तिको लागि पनि मनोरञ्जन प्रदान गर्दछ । कथा परापूर्व कालदेखि नै भनिदै र सुनिदै आएको रोमाञ्चक विधा हो । पहिले पहिले आमाहरूले आफ्ना सन्तानलाई आनन्द दिनका लागि गाउँ खाने कथा र दन्त्य कथा भन्ने चलन थियो । साना बालबालिकादेखि ठुला मानिसहरू कथा भने पछि ठाडा ठाडा कान लगाउँछन् । यसबाट के स्पष्ट हुन्छ भने कथा विधा साहित्यका अन्य विधाभन्दा लोकप्रिय बन्दै आएको पाइन्छ ।

हाम्रो समाजमा लोक कथा, दन्त्यकथा र आधुनिक कथाले आफ्नो प्रभाव पारेको छ । कथा समाजका सबै पक्ष धनी, गरिब, बाल बालिका, वृद्ध, बनिता, शिक्षित अशिक्षित सबैले मन पराउने विधा हो । कथाले मानव जीवन भोगाइका सुख, दुःख, आँसु, हाँसो आदिलाई आत्मसाथ गरेको पाइन्छ । समाजका घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्ने भएकाले कथा विधा वर्तमान समयमा लोक प्रिय बन्दै गएको पाइन्छ । कथा शिक्षण प्रत्येक विद्यालयदेखि उच्च तहसम्म गरिन्छ । कथा शिक्षणले भाषाको सिप विकास गराउँनुका साथै व्याकरण सम्बन्धी ज्ञान गराउँछ । कथा शिक्षणले भाषाका चार वटै सिपको विकास गराएर बाल बालिकाहरूमा भाषिक सचेतना दिएको पाइन्छ । कथा शिक्षणले व्यक्तिमा लिखित तथा मौखिक अभिव्यक्तिको विकास गराएर व्यक्तिमा निखार पैदा गर्छ । कथाले समाजका अन्धविश्वास, कुरीती, कुसंस्कार र विकृतिलाई हटाएर समुन्नत र समतामूलक र निश्छल समाजको विकास गर्न सहयोग पुऱ्याउँछ । कथाले काल्पनिक रूपमा स्वच्छ समाजको विम्ब मानिसको दिमागमा उतार्छ । कथा शिक्षणले व्याकरणिक कोटिको जानकारी गराउँदै वाक्य गठन प्रक्रिया समेत सुधार गर्दछ । शब्दभण्डारको वृद्‌धि गर्नुका साथै व्याख्या र विवेचना गर्ने सिपको समेत विकास गराउने भएकाले कथा अत्यन्त महत्वपूर्ण विधा हो । कथा

शिक्षणले मानिसमा रहेको द्वेष, रिस, ईर्ष्या र नकारात्मक धारणाको अन्त्य गर्दै सकारात्मक सोचको विकास गर्ने भएकोले कथा शिक्षणको उपयोगिता बढ्दै गएको देखिन्छ ।

## ४.३ कथाको शैक्षणिक प्रयोजन

भाषा शिक्षणमा कथाको महत्त्व ज्यादै ठुलो रहेको छ । यस विधाको शिक्षणबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको विकास गराउन सहयोग मिल्दछ । यसका अलावा कथा विधाको शिक्षणबाट शब्द भण्डार, वाक्य गठन, उखान टुक्काको विकास गराउन सकिन्छ । पठन बोध तथा सारांश अभ्यासका लागि पनि उपयोगी रहेको हुन्छ । विद्यार्थीको सिर्जनात्मक अभिव्यक्ति, तर्क, कल्पना शक्ति, साहित्यिक अभिव्यक्ति बढाउन तथा मानवीय सच्चा नैतिक चरित्र निर्माण गर्न पनि कथा विधाले सहयोग गर्दछ । (नेपाली शिक्षण निर्देशिका, २०५६ : ३७) ।

कथा विधा साहित्यका अन्य विधा भन्दा भाषिक सिप विकास गराउनका लागि बढी उपयोगी मानिन्छ । पाठ्यक्रमको उद्देश्यहरू परिपूर्ति गर्नका लागि उ.मा.वि. तहको पाठ्य पुस्तकमा कथा विधा समावेश गरिएको हो । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा ५ वटा कथाहरू समाविष्ट छन् । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूले हेर्दा समाज सुधार, नैतिक मूल्य र मान्यता, मनोवैज्ञानिक भावना र कर्तव्य परायणता जस्ता कुराको विकास गराएको पाइन्छ । अतः यस शीर्षकमा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाविधाको मूल प्रयोजन र गौण प्रयोजनको चर्चा निम्नानुसार गरिएको छ :

### ४.३.१ मूल प्रयोजन

कथा शिक्षणको मूल प्रयोजन भनेको भाषिक सिपको विकास गर्नु हो । विद्यार्थीले निर्धक्क रूपमा घटनाको वर्णन गर्नु, कल्पना शक्तिको विकास गर्नुको साथै आफ्नो व्यवहारमा परिवर्तन गर्नु हो । विद्यार्थीहरूमा उखान, टुक्काको विकास गर्नु, शब्दभण्डार क्षमताको विकास गर्नुका साथै वाक्य गठन सम्बन्धी सिपको विकास गराउँछ ।

कथा बोध गम्यताको दृष्टिकोणले बढी उपयोगी हुन्छ । विधार्थीहरूमा कथाबाट कल्पना शक्तिको विकासका साथै विद्यार्थीको चरित्र निर्माण गर्न सकिन्छ । कथा अन्य विधाको तुलनामा विषय वस्तुका दृष्टिले जटिल नहुनु, वर्णात्मक शैली, वाक्य गठन तथा सरल शब्दको प्रयोग हुनु आदि कारणले सामान्य बोध क्षमताको विकासका लागि र विभिन्न विषय क्षेत्रका शब्द भण्डारको विकासका लागि पनि निकै उपयोगी हुने देखिन्छ (अधिकारी २०४६ : २५४) ।

कथा शिक्षणले विद्यार्थीहरूमा रहेको अन्तर निहित क्षमताको विकास गराउँछ । कल्पना शक्तिको विकास गराउनुको साथै कथा शिक्षणले सृजनात्मक सिपको समेत विकास गराउछ । कथा शिक्षणले कथाका तत्वको जानकारी गराउँदै उखान टुक्का, शब्द भण्डार र वाकपद्धतिमा समेत मद्दत पुऱ्याउँछ ।

कथा शिक्षणको माध्यमले विद्यार्थीहरूलाई आफ्ना वरिपरि भए गरेका विभिन्न घटना परिघटना बारे जानकारी गराउँछ । कथा शिक्षणले शब्द निर्माण प्रक्रिया, भाषिक शुद्धता र हिज्जेका साथै व्याकरण सम्बन्धी जानकारी गराउँछ । यस पाठ्य पुस्तकमा समावेश कथाका पाठबाट शब्द भण्डारमा समेत सहयोग पुऱ्याउने देखिन्छ । विभिन्न प्रयोजनका लागि कथा विधा उपयुक्त भएकोले यस पाठ्युस्तकमा कथाहरू समावेश गरिनु सान्दर्भिक ठानिन्छ ।

### ४.३.२ गौण प्रयोजन

कथाको मूल प्रयोजन मात्र नभई अन्य विभिन्न प्रयोजन पनि रहेकोले उ.मा.वि. तहको नेपाली पाठ्य पुस्तकमा कथाहरू समेटिएको पाइन्छ । कथा विधाबाट प्राप्त हुने अन्य गौण प्रयोजनलाई यहाँ प्रस्तुत गरिएको छ :

#### ४.३.२.१ सामाजिक अवस्थाको जानकारी गराउनु

कथा शिक्षणको मूल उद्देश्य भाषिक सिपको विकास गराउनु भए पनि गौण रूपमा समाजमा भएका विकृति र विसङ्गतिको अन्त्य गर्दै आदर्श समाजको विकास गर्नु रहेको हुन्छ । सामाजिक कथाले समाजको वर्तमान अवस्थालाई जानकारी गराउँदै समुन्नत समाज

निर्माणमा विद्यार्थीलाई सचेत पार्दछ । कथाले धन वा भौतिकताप्रति, ईर्ष्या, द्वेष, घमण्ड, स्वार्थ, सङ्कीर्णता, आडम्बर जस्ता खराब मानवीय दुर्गुणको निन्दा गरेको पाइन्छ । उदाहरणको लागि गुरू प्रसाद मैनालीको छिमेकी कथालाई लिन सकिन्छ । यस कथामा छिमेकी बिचमा झगडा भए तापनि झगडा गर्नु हुन्न भन्ने सन्देश दिइएको छ ।

### ४.३.२.२ मनोविज्ञानको ज्ञान प्राप्त गराउनु

मनोविज्ञान भनेको मानिसको मनमा रहेका भावनालाई बुझ्ने ज्ञान हो । उ.मा.वि. तहको यस अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाहरूमध्ये रमेश विकलको 'मधु मालतीको कथा' विश्वेश्वर प्रसाद कोइरालाको 'शत्रु' र भवानी भिक्षुको 'हारजित' कथामा मनोविज्ञानको यथोचित ज्ञान पाइन्छ । यी माथि उल्लेखित कथाहरूको स्वभाव कस्तो हुन्छ ? बालबालिकालाई के कस्ता कुराले नकारात्मक असर पार्दछ भन्ने जानकारी दिएको पाइन्छ । यस्ता कथाहरूले मानवीय संवेग, आवेग, मनोवेगको जानकारी गर्दै आफूलाई संयमित  हुन सिकाउने ज्ञान प्राप्त गर्दछ । त्यसैले नै उ.मा.वि. तहमा यस्ता कथाहरू समावेश गरेको पाइन्छ ।

### ४.३.२.३ आनन्दानुभूति प्रदान गराउनु

कथा विधाले पाठक तथा विद्यार्थीहरूलाई आनन्द प्राप्त गराउने प्रयोजन राखेको हुन्छ । विविध काम गरेर पाठकलाई बेचैनी र बोझ लागेको समयमा कथा विधाले पाठकलाई रसात्मक खुराक दिएर थप उर्जा प्रदान गर्दछ । विद्यार्थीहरूलाई पनि अन्य विधा पढ्दा आलस्य उत्पन्न हुने हुनाले कथा विधाले आनन्दानुभूति प्रदान  गर्दछ । यस पाठ्य पुस्तकमा समावेश पाँच वटै कथाबाट आनन्दानुभूति प्राप्त गर्न सकिन्छ ।

### ४.३.२.४ भ्रातृत्वको विकास गर्नु

कुनै पनि देश तथा समाजमा बस्ने मानिसहरू बिच भाइचाराको भावना राख्नु नै भ्रातृत्वको भावना विकास गर्नु हो । यस पाठ्य पुस्तकमा समावेश गुरू प्रसाद मैनालीको 'छिमेकी' र भवानी  भिक्षुको हारजित कथामा भ्रातृत्वको भावना पाइन्छ । यी कथाहरूमा जातीय समानता, सामाजिक समानता र एकताको भावना पाइन्छ । यस्ता कथाहरूमा

सामाजिक समस्या, सामाजिक समानता र एकताको भावना पाइन्छ । सामाजिक समस्या समाजमा नै अन्त्य गर्दै विगतको रिसिवी विर्सनु पर्छ । 'मेरो गोरूको बाह्रै टक्का' नभनी आपसमा विवाद गरेर बस्नु हुँदैन भन्ने भावना नै भ्रातृत्वको भावनाको विकास हो । एकतामा आवद्द भएर समावेशी समाजको निर्माण  र विकास गराउनु नै यस्ता कथाको गौण प्रयोजन रहेको पाइन्छ । छिमेकी र 'हारजित' कथा यसको ज्वलन्त उदाहरण हुन् ।

### ४.३.२.५ नैतिक सन्देश दिनु

मानिसको मनमा कलुषित भावनाहरू सबै राम्रा नहुन सक्छन् । त्यस्ता नराम्रा भावनाहरूको अन्त्य गरी आफ्नो कर्ममा विश्वास गरेर सामाजिक जिम्मेवारी पुरा गर्दै सच्चरित्रताको विकास गराउनु नै नैतिक उपदेश दिनु हो । यस पाठ्य पुस्तकमा समावेश गुरू प्रसाद मैनालीद्वारा लिखित छिमेकी कथा र भवानी भिक्षुद्वारा लिखित मधुमालतीको कथा यसका ज्वलन्त उहाहरण हुन् । नैतिक आदर्श कर्तव्य परायणता जस्ता गुण यस खालका कथाबाट हासिल गर्न सकिन्छ । यस्ता कथा शिक्षण गर्दा उ.मा.वि. तहका विद्यार्थीहरूमा सच्चरित्रता विकास गराइ भावी जीवन सार्थक बनाउन सकिन्छ । यस पाठ्य पुस्तकमा समावेश गरिएका सबै कथामा नैतिक सन्देश प्राप्त गर्न सकिन्छ ।

## ४.४ भाषिक सिप

भाषाका सम्पूर्ण सिपको विकासका लागि साहित्यका अन्य विधाभन्दा कथा विधाले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । सुनाइ त्रुटिपूर्ण भएमा बोलाई पनि त्रुटिपूर्ण हुने र बोलाइ त्रुटिपूर्ण भएमा लेखाइ पनि त्रुटिपूर्ण हुन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूबाट पनि भाषाका सबै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गराउन सकिन्छ ।

### ४.४.१ सुनाइ सिप

कथा श्रवणीय विधा भएकोले भाषाका अन्य सिपभन्दा पहिले कथाले सुनाइ सिपको विकास गराउँछ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट गरिएका कथाहरू पनि विभिन्न ढाँचा, किसिम र विषयवस्तुमा आधारित छन् । सुनाइ सिप विकास

गराउनका लागि श्रुति लेखन, श्रुति रचना, बुँदा टिपोट, श्रुति बोधात्मक प्रश्नोत्तर क्रियाकलाप शिक्षणबाट गराउन सकिन्छ । पाठ्य पुस्तकमा समाविष्ट कथाहरू कौतुहलता वर्धक, मनोरञ्जनात्मक, सरल, सहज भाषाशैलीको प्रयोग गरिएको हुनुपर्छ । यसरी पाठ्य पुस्तकमा समाविष्ट गरिएका कथाहरू बाल बालिकाको रूचि, चाहना, स्तर र उमेरको पनि ख्याल गरेर छनोट गर्नुपर्छ । यसरी छनोट गरिएका कथाहरू विद्यार्थीहरूले ध्यान पूर्वक सुन्छन् । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूमा 'छिमेकी' र 'मधुमालतीको कथा' ध्यान दिएर श्रवण गरी ती कथाबाट बोध क्षमता बढाउन सकिन्छ । यी माथिको सुनाइ सिप विकास गर्नका निम्ति श्रुति बोधात्मक प्रश्न गरेर विद्यार्थीको बोध क्षमता बढाउन सकिन्छ । यस किसिमका कथाको श्रवण गरेर विद्यार्थीले आगन्दानुभूति पाउनुका साथै विद्यार्थीको व्यवहारमा समेत परिवर्तन गराउन सकिन्छ । सुनाइ सिप विकासका लागि विश्लेषणात्मक सिपबाट कथामा समावेश विषय वस्तु मुल भावको व्याख्या विश्लेषण र खण्डन गर्नुका साथै टीका टिप्पणी समेत गर्न सकिन्छ ।

सुनाइ सिपको विकास गराउनु भाषिक सिपको प्रथम कार्य भएकोले जुनसुकै तहका कथामा पनि सुनाइ सिप विकास गर्न आवश्यक देखिन्छ । सुनाइ सिपको विकासले गर्दा विद्यार्थीको सिर्जनात्मक क्षमतामा समेत टेवा पुऱ्याउँछ । यस उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश सबै कथाहरूले सुनाइ सिप विकास गराउछ । पाँच वटै कथाले विद्यार्थीको सुनाइ सिपमा विकास गराइ दैनिक जीवनमा अन्य क्षेत्रमा समेत टेवा पुऱ्याउन सक्छन् । यस पाठ्य पुस्तकमा समावेश कथाहरूले जीवन भोगाइका क्रममा सामाजिक व्यवस्थाको जानकारी गराउनु, मनोविज्ञानको ज्ञान दिनु, आन्दानुभूति प्रदान गर्नु र भ्रातृत्वको विकास गराउनुका साथै सुनाइ सिपको विकास गराउन उपयोगी बनेका छन् ।

## ४.४.२ बोलाइ  सिप

बोलाइ भन्नाले अभिव्यक्ति भन्ने बुझिन्छ । अभिव्यक्ति क्षमता विकास गर्नका लागि बोलाइ सिप महत्त्वपूर्ण मानिन्छ । जुनसुकै तहमा समावेश गरिएका सम्पूर्ण कथाहरू बोलेर नै अभिव्यक्त गरिन्छन् । बोलाइ सिप विकासका लागि कथा शिक्षणद्वारा प्रश्नोत्तर, कथा कथन, छलफल, घटना वर्णन, खास समस्या वा परिस्थिति बारे बिचार गर्ने जस्ता क्रियाकलाप गर्न सकिन्छ । बोलाइ सिपको विकास गराउनका लागि मनोरञ्जनपूर्ण, सरल

शैली विद्यार्थीको स्तर, उमेर र क्षमता सुहाउँदा कथाहरू समेटिनु पर्छ । समावेश कथाहरूमा उखान टुक्का, थेगो, निपात आदि समेटिएको खण्डमा सान्दर्भिक मानिन्छ । यस्ता कथाले विद्यार्थीको अभिव्यक्ति क्षमता (बोलाइ सिप) को विकास गर्न सहयोग गर्दछ । बोलाइ सिप व्यक्तिको व्यक्तित्वको परिचयको द्योतक हो । बोलाइ सिपले नै मानिसलाई वैयक्तिक रूपमा स्पष्ट वक्ता र अस्पष्ट बक्ताका रूपमा चिन्न सकिन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाहरूमध्ये 'रातभरि हुरी चल्यो' र 'शत्रु' कथामा संवादको प्रयोग गरिएकाले बोलाइ सिप विकास गराउने गुण पाउन सकिन्छ । अन्य कथाहरूमा पनि धेर थोर बोलाइ सिप विकास गराउने कला पाइन्छ । यी माथिका कथाहरूमा विद्यार्थीहरूलाई बोल्न लगाएर भाषिक सिप विकास गराउन सकिन्छ । 'रातभरि हुरी चल्यो' र 'शत्रु' कथामा बोलाइ सिप विकासका लागि बोध प्रश्नोत्तर, कथा कथन, संवाद र छलफल गराई बोलाइ सिप विकास गराउन सकिन्छ । यस्ता कथाहरू विद्यार्थीहरूलाई सस्वर वाचन गर्न लगाएर र नहेरी भन्न लगाएमा बोलाइ सिपको विकास निश्चित रूपमा गराउन सकिन्छ । उ.मा.वि. तहमा समावेश कथाको बोलाइ सिप विकास गर्नका लागि पनि घटना वर्णन, संवाद, छलफल र प्रश्नोत्तर गराएर बोलाइ सिप विकास गर्न सकिन्छ । यस पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूमध्ये 'हारजित' र 'मधु मालतीको कथा' कथामा जटिल भाषाको प्रयोग गरिएको पाइन्छ । अन्य कथामा सरल भाषाको प्रयोग गरिएकाले विद्यार्थीले बोलाइ सिप विकास गर्न सक्छन् ।

### ४.४.३ पढाइ सिप

कथा पढाइ सिप विकासका लागि महत्त्वपूर्ण विधा मानिन्छ । पढाइ भन्नाले लिपिबद्ध गरिएको कुरालाई विद्यार्थीले आफ्नो उच्चारण अवयवद्वारा वाहिर प्रस्फुटन गर्नु हो । पढ्दा विद्यार्थीले आफ्नो मन मस्तिष्क र ज्ञान र विवेक प्रयोग गरेर सकेसम्म मिलाएर वाचन गर्छन् । पढाइमा खास गरेर मौन पठन र सस्वर पठन गरी दुई किसिमले गरिन्छ । मौन पठनलाई उच्च तहमा राम्रो मानिन्छ भने सस्वर पठन भाषिक विकासका लागि तल्ला कक्षाहरूमा महत्त्व दिइन्छ । मुख्यतयाः भाषिक सिप विकासका लागि जुनसुकै तहका पाठ्य पुस्तकमा कथा विधा समेटिन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट पाँच वटै कथामा समावेश अभ्यासमा पठनबोध समेटेको पाइन्छ । यसरी प्रत्येक कथामा समावेश अभ्यास समेटिएकाले पाँच वटै कथा पढाइ सिपका दृष्टिले उत्कृष्ट

मानिन्छन् । 'छिमेकी' र 'हारजित' र 'रातभरि हुरी चल्यो' कथामा कहीँ कहीँ आञ्चलिक भाषाको प्रयोग भएकाले विद्यार्थीलाई पढाइमा समस्या पर्ने देखिन्छ ।

अभिव्यक्ति क्षमताले नै विद्यार्थीको आन्तरिक कला बाहिर प्रस्फुटन गराएर सहयोग पुऱ्याउँछ । यसका लागि मौन र सस्वर पठन उत्तिकै महत्त्वपूर्ण मानिन्छ । मौन पठनले शब्दिक ज्ञान गराउनुका साथै मूलभाव बोध गर्न सहयोग गर्छ । सस्वर पठनले पाठलाई हाउभाव मिलाएर पढ्न मद्दत गर्छ । कथाले दिन खोजेको भावार्थ पढाइ सिपले नै विकास गर्छ । 'छिमेकी' कथामा प्रयोग गरिएको भाषा कौतूहलपूर्ण भएकाले यस्ता कथा सस्वर वाचन गराएर पढ्दा सान्दर्भिक मानिन्छ । जस्तै : आशामरू र गुमानेको खलबल सुनेर धनजितेले आखाँ उघाऱ्यो । धनजितेले हेरेको देखेर गुमानेले भन्यो "कस्तो छ माहिला दाइ ?" "मो मार्छ कि कान्जा, तौँ कोइले आइस् ?" यस्ता कथाहरू हाउभाउ पूर्ण तरिकाले मिलाएर पढ्दा विद्यार्थीहरूको ध्यानाकर्षण गराउन सकिन्छ । मौन वाचनबाट कथामा भएका वाक्य संरचना, भावार्थ बोध गर्नुका साथै आफ्नो द्रुत पढाइ सिपको समेत विकास गर्न सकिन्छ ।

### ४.४.४ लेखाइ सिप

सुनाइ, बोलाइ, पढाइ सिपको विकास पश्चात कथाले विकास गर्ने सिप नै लेखाइ सिप हो । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश सम्पूर्ण कथाबाट लेखाइ सिप विकास गर्न सकिन्छ । जसमध्ये 'छिमेकी' र 'शत्रु' कथाबाट बढी भन्दा बढी लेखाइ सिप विकास गर्न सकिन्छ । कथाबाट लेखाइ सिप विकास गर्दा बुँदा टिपोट, अनुच्छेद लेखन, घटना वर्णन लेखन, सारांश लेखन, भाव विस्तार, प्रश्नोत्तर जस्ता क्रियाकलाप गराउन सकिन्छ । लेखन साधारणतया अनुलेखन, श्रुति लेखन र स्वतन्त्र लेखन गरी ३ किसिमका हुन्छन् । अनुलेखन भन्नाले कथाका पाठहरूलाई हेर्दै आफ्नो कापीमा लेख्ने कार्यलाई अनुलेखन भनिन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट सबै कथाहरू अनुलेखन गर्न सकिन्छ । श्रुतिलेखन भन्नाले गुरू वा साथीले भनेको आधारमा सुन्दै लेख्दै गर्ने सिपलाई श्रृतिलेखन भनिन्छ । स्वतन्त्र लेखन भन्नाले पाठ्य पुस्तकमा समावेश कथाहरूको अध्ययन गरे पश्चात् निर्दिष्ट कथा वा यस्तै अन्य कथा लेख्ने सिपलाई

स्वतन्त्र लेखन भनिन्छ । उ.मा.वि. तहका सबै कथाहरूलाई श्रुतिलेखन र स्वतन्त्र लेखन गर्न सकिन्छ ।

चारवटा भाषिक सिपमध्ये सबैभन्दा बढी विद्यार्थीको व्यक्तित्वको विकास गराउनका लागि लेखाइ सिपले मद्दत गर्छ । संवादात्मक सिप विकास गर्नका लागि संवादात्मक शैलीका कथाहरू सङ्कलन गरी लेखाइ सिपमा निखार ल्याउन सकिन्छ । लेखाइ सिप विकासका लागि कथाहरूको संक्षेपीकरण, बुँदा टिपोट, विस्तृतीकरण गराउँदै लेखाइ सिप विकास गराउन सकिन्छ ।

# अध्याय : पाँच
# कथामा रहेका पाठ र अभ्यासको विश्लेषण

## ५.१ परिचय

भाषा पाठ्य पुस्तकमा भाषा सिकाइका लागि अभ्यास समावेश गरिएको हुन्छ । अभ्यासलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग मानिन्छ । कुनै पनि पाठको अध्ययन अध्यापन पश्चात् विद्यार्थीहरूले के कति ज्ञान हासिल गरे भनेर मापन तथा मूल्याङ्कनका लागि अभ्यासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाको सम्पूर्ण दक्षता हासिल गर्न पाठ्य पुस्तकमा अभ्यास नभइ नहुने कुरा हो । सिकाइलाई प्रभावकारी बनाउन, महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न, नमुना अभ्यास आवश्यक पर्दछ । कतिपय अवस्थामा शिक्षणका लागि सामग्रीको प्रयोगभन्दा अभ्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । भाषा सिकाइका लागि निरन्तर अभ्यास र पुनरावृत्तिको आवश्यकता पर्दछ । भाषालाई सरल र छिटो सिकाइका लागि भाषा पाठ्य पुस्तकमा रहेका अभ्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

भाषा पाठ्य पुस्तकमा शिक्षणीय विषय र सामग्रीको निरन्तर अभ्यास र पुनरावृत्तिको उद्देश्यले नमुना अभ्यासको व्यवस्था गरिएको हुन्छ । यसमा भाषाका विविध पक्ष र भाषिक सिप विकासमा निर्भर रहने आवश्यक शब्द भण्डार, भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप र गृहकार्य सहितको एउटा शिक्षणीय ढाँचा संलग्न रहन्छ । यसमा भाषाका चार वटै सिप विकास हुने गरी सामग्रीको संयोजन गरिएको हुन्छ । यसबाट भाषिक सिपका साथै ज्ञान र धारणालाई एकीकृत रूपमा अगाडि बढाउन सकियोस् भन्ने अभिप्रायले अभ्यास निर्माण भएको हुन्छ ।

शिक्षक विद्यार्थीको शैक्षिक क्रियाकलापलाई निरन्तर रूपले अगाडि बढाउने काम अभ्यासले गर्दछ । शिक्षण कार्यको व्यवस्थित तयारी र मूल्याङ्कनको सजिलो उपायका रूपमा नमुना अभ्यासको भूमिका रहन्छ । अभ्यास पाठ्य पुस्तकमा राखिएका विधा एवम् उप विधाहरूको प्रयोजन र उद्देश्य अनुरूप हुनु पर्दछ (अधिकारी, २०५६ : ६९) । कुनै पाठ्य विषयमा दोहोऱ्याई, तेहऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक

पक्षतिर विशेष रूपमा बारम्बार मेहनत गराउने उद्देश्य अभ्यासको हुनु पर्छ (पोखरेल, २०५५ : ३९) ।

भाषा पाठ्य पुस्तकमा नमुना अभ्यास तयार गर्दा पाठ्यक्रमका शैक्षिक उद्देश्यलाई समेटिएको हुन्छ । प्रत्येक पाठको विश्लेषण गरेर अभ्यासको निर्माण गरिएको हुन्छ । भाषा पाठ्य पुस्तकमा समावेश अभ्यास सरलबाट जटिल, मूर्तबाट अमूर्ततर्फ उन्मुख हुनुपर्छ । यस्ता अभ्यासले भाषिक र शैक्षिक समस्यालाई समाधान गरेर विद्यार्थीका कमजोरीहरूलाई पूर्ण रूपमा निदान गराउने खाले व्यवस्था गरिएको हुनुपर्छ । अभ्यासबाट शिक्षकको अनुपस्थितिमा पनि विद्यार्थीहरूले भाषिक अभ्यास गर्न सक्ने हुन्छन् । यस्ता अभ्यासहरू सबै तहको पाठ्य पुस्तकमा समावेश गरिएको पाइन्छ । भाषा पाठ्य पुस्तकमा समावेश नमुना अभ्यासले भाषा पाठ्यक्रम तथा भाषा पाठ्य पुस्तकका उद्देश्य हासिल गर्न सहयोग गर्दछन् ।

उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा प्रत्येक पाठको अन्तिममा नमुना अभ्यास समावेश गरिएका छन् । ती नमुना अभ्यासका माध्यमद्वारा पाठगत र भाषिक सिपगत उद्देश्य प्राप्त गर्न सहयोग मिल्छ । पाठ्य पुस्तकमा समावेश अभ्यासद्वारा निर्देशित गृहकार्य परीक्षण जस्ता क्रियाकलाप गराउन सकिन्छ । व्याकरण र पठन बोध सम्बन्धी क्रियाकलापमा नमुना अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । अतः भाषा पाठ्य पुस्तकमा नमुना अभ्यास समावेश गरिनु सान्दर्भिक मानिन्छ ।

## ५.२ प्रश्नको प्रकृति

नेपाली भाषा पाठ्य पुस्तकका पाठहरूमा भाषिक सिपको प्रकृतिका आधारमा एउटै पाठमा विभिन्न प्रकृतिका प्रश्नहरू समावेश गरिएका हुन्छन् । यस्ता नमुना प्रश्नहरूले विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमतामा समेत थप सहयोग गर्दछ । भाषा पाठ्य पुस्तकमा सङ्कलित कथाका पाठको अन्त्यमा तिन किसिमका प्रश्नहरू समावेश गरिएको पाइन्छ । त्यस्ता प्रश्नहरू निबन्धात्मक, संक्षिप्त उत्तरात्मक र वस्तुगत गरी समेटिएको पाइन्छ । यस्ता किसिमका प्रश्नहरूले विद्यार्थीको भाषिक सिपको विकास गर्ने देखिन्छ । नमुना प्रश्नको मुख्य प्रयोजन भाषिक सिपको विकास गर्नु मात्र नभइ बोध तथा अभिव्यक्ति

क्षमतामा समेत सहयोग पुग्ने देखिन्छ । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका नमुना अभ्यासको प्रकृतिलाई संक्षेपमा निम्नानुसार चर्चा गरिन्छ :

**क) निबन्धात्मक प्रश्न**

भाषामा स्वतन्त्र अभिव्यक्ति गराउनुका साथै भाषिक शुद्धताको मूल्याङ्कन गर्नका लागि निबन्धात्मक प्रश्न पाठ्य पुस्तकमा समावेश गरिएको पाइन्छ । निबन्धात्मक प्रश्नबाट वाक्य गठन प्रक्रिया, शब्द प्रयोग प्रक्रिया, अनुच्छेद गठन, वर्ण विन्यास, विराम चिह्न, किनारा छोडाइ र भाषिक अभिव्यक्तिको विकास गर्न सकिन्छ । प्रत्येक कथाका अन्तमा तिनदेखि पाँच वटासम्म विवेचनात्मक वा निबन्धात्मक प्रश्नहरू राखिएको पाइन्छ ।

**ख) संक्षिप्त उत्तरात्मक प्रश्न**

लिखित र मौखिक अभिव्यक्तिका लागि भाषा पाठ्य पुस्तकमा संक्षिप्त उत्तरात्मक प्रश्नहरू समेटिएका छन् । अर्थ ग्रहण, बोध क्षमता वृद्धि गर्न, शब्दको प्रयोग र तथ्यको खोजीको लागि संक्षिप्त उत्तरात्मक प्रश्न राखिएको पाइन्छ । संक्षिप्त उत्तरात्मक प्रश्नहरू एक वाक्यमा उत्तर आउने र छोटो उत्तर दिने खालका प्रश्नहरू समावेश गरिएको छ । संक्षिप्त उत्तरात्मक प्रश्नहरूको उत्तर लेख्दा कम्तिमा पनि पाँच हरफसम्म लेख्ने किसिमका प्रश्नहरू समेटिनु पर्दछ । प्रत्येक कथाको अन्तमा संक्षिप्त उत्तरात्मक प्रश्न समेटिएको पाइन्छ ।

**ग) वस्तुगत प्रश्न**

वस्तुगत प्रश्नहरूले पहिचान अभ्यासमा सहयोग पुऱ्याउँछ । वस्तुगत प्रश्नहरू जोडा मिलाउने, खाली ठाउँ भर्ने, बहु वैकल्पिक र ठिक बेठिक गरी चार प्रकारका हुन्छन् । यस्ता वस्तुगत प्रश्नले विद्यार्थीहरूको स्मरण शक्ति बढाउन मद्दत गर्छ । वस्तुगत प्रश्न छिमेकी, शत्रु र हारजित कथाका पाठहरूमा समावेश गरिएको छ भने मधुमालतीको कथा र रातभरि हुरी चल्यो कथाका पाठमा वस्तुगत प्रश्न समावेश गरिएको पाइँदैन ।

## ५.३ नमुना अभ्यास विश्लेषण

प्रश्नको स्वरूपका आधारमा विश्लेषण गर्दा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाहरूमा तिन किसिमका प्रश्नहरू समावेश गरिएको पाइन्छ । जसलाई तलको तालिकाद्वारा प्रस्ट पारिएको छ :

तालिका नं. ८
नमुना अभ्यासको विश्लेषण

| क्र.सं. | पाठ शीर्षक | निबन्धात्मक | संक्षिप्त उत्तरात्मक | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|
| १ | छिमेकी | ५ | १३ | १ | १९ |
| २ | मधुमालतीको कथा | ४ | १० | – | १४ |
| ३ | रातभरि हुरी चल्यो | ५ | १० | – | १५ |
| ४ | शत्रु | ४ | ५ | १ | १० |
| ५ | हारजित | ५ | १० | १ | १६ |
| जम्मा | | २३ | ४८ | ३ | ७४ |

(स्रोत : उ.मा.वि. पाठ्य पुस्तक, २०६८)

माथि उल्लेखित तालिका अनुसार उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश पाँच वटा कथामा जम्मा ७४ वटा प्रश्नहरु समावेश गरिएको छ । जसमध्ये विषयगत अन्तर्गत निबन्धात्मक प्रश्नहरू २३ र संक्षिप्त उत्तरात्मक ४८ वटा प्रश्नहरू समावेश छन् । वस्तुगत प्रश्न अन्तर्गत जम्मा तिन वटा जोडा मिलाउने प्रश्नहरू रहेका छन् । प्रत्येक कथाको प्रकृति र संख्याको तल विश्लेषण गरिन्छ ।

**छिमेकी** कथामा विषयगत प्रश्न अन्तर्गत पाँच वटा निबन्धात्मक प्रश्नहरू छन् । यी प्रश्नहरूले विद्यार्थीको मौलिकता मापन गर्न खोजेको छ । यस कथामा विषयगत अन्तर्गतकै १३ वटा संक्षिप्त उत्तरात्मक प्रश्नहरू रहेका छन् । यस्ता प्रश्नहरू एक वाक्यमा उत्तर दिने खालका बोध प्रश्न अति छोटा रहेका छन् । यस कथामा १ वटा वस्तुगत अन्तर्गतको जोडा मिलाउने प्रश्न रहेको छ । जसबाट विद्यार्थीको स्मरण शक्ति बढाउने निश्चित छ । केही संक्षिप्त उत्तरात्मक प्रश्नहरू यस प्रकार छन् :

जस्तै : गुमाने र धनजितेका बिचको झगडा बढ्नुको कारण के हो ?

धर्मानन्द कस्तो स्वभावको व्यक्ति हो ?

**मधुमालतीको कथा** कथामा निबन्धात्मक प्रश्नहरू ४ वटा रहेका छन् । यस कथामा १० वटा संक्षिप्त उत्तरात्मक नमुना प्रश्नहरू राखिएको छ । यी प्रश्नहरूले विद्यार्थीको बोध क्षमता बढाउनका साथै मौलिक लेखनमा सहयोग गर्ने छ । यस कथामा वस्तुगत प्रश्नहरू समावेश नगरिएकोले वस्तुगत प्रश्न समेट्न सुझाब दिन सकिन्छ । यस कथामा समावेश संक्षिप्त उत्तरात्मक प्रश्नको उत्तर अत्यन्त छोटो आउने देखिन्छ । चार पाँच हरफको उत्तर आउने प्रश्न समेट्न सुझाब दिन सकिन्छ । केही संक्षिप्त उत्तरात्मक प्रश्नहरू यस प्रकार छन् :

जस्तै : यस कथामा छिमेकी बिच कस्तो विषमता रहेको देखाइएको छ ?

गौरी र शंकरका बिच कस्तो सम्बन्ध देखा पर्छ ?

**रातभरी हुरी चल्यो** कथामा विषयगत अन्तर्गतका निबन्धात्मक र संक्षिप्त उत्तरात्मक प्रश्नहरू मात्र समावेश गरिएको छ । जसमा पाँच वटा निबन्धात्मक र १० वटा संक्षिप्त उत्तरात्मक प्रश्नहरू समावेश छन् । संक्षिप्त उत्तरात्मक प्रश्नहरू अत्यन्त छोटो उत्तर आउने खालका रहेका छन् । केही संक्षिप्त उत्तरात्मक प्रश्नहरू यस प्रकार छन् :

जस्तै : यस कथामा के कुरालाई परिवारको हत्या भनिएको हो ?

आपत् विपत जहाँ पनि छ, भन्नुको तात्पर्य के हो ?

**शत्रु** कथामा विषयगत र वस्तुगत गरी दुवै किसिमका प्रश्नहरू समेटिएको पाइन्छ । विषयगत अन्तर्गत चारवटा निबन्धात्मक प्रश्नहरू राखिएको छ भने ५ वटा संक्षिप्त उत्तरात्मक प्रश्नहरू समावेश छन् । यस्ता प्रश्नहरूबाट विद्यार्थीको स्वतन्त्र प्रतिक्रिया लेखनमा सहयोग मिल्ने छ । यस कथामा १ वटा वस्तुगत अन्तर्गतको जोडा मिलाउने प्रश्न समावेश छ । जसले स्मरण शक्ति बढाउँछ । कथामा समावेश संक्षिप्त उत्तरात्मक प्रश्नहरू यस्ता छन् :

जस्तै : कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने किन लागेको हो ?
शत्रु हुनका लागि के चाहिन्छ ?

**हारजित** कथामा विषयगत र वस्तुगत प्रश्नहरू रहेका छन् । निबन्धात्मक प्रश्नहरू ५ वटा छन् भने संक्षिप्त उत्तरात्मक प्रश्नहरू १० वटा रहेका छन् । यस्ता प्रश्नहरूले स्वतन्त्र लेखनका साथै बोध क्षमतामा वृद्धि गर्ने छन् । यस कथामा समावेश १ वटा वस्तुगत नमुना प्रश्न रहेको छ । जुन जोडा मिलाउने रहेको छ । कथामा समावेश संक्षिप्त उत्तरात्मक प्रश्नहरू यस्ता रहेका छन् :

जस्तै : घुरहुलाई गाउँको आत्मा किन भनिएको हो ?
सोनवा किन घर छोडेर गई ?

माथि उल्लेखित पाँच वटा कथाहरूमध्ये मधुमालतीको कथा र रातभरि हुरी चल्यो कथामा वस्तुगत प्रश्न नसमेट्नुले पाठ्यक्रमको कमजोरी देखिन्छ । अन्य सबै कथाका प्रश्नहरूमा समावेशी प्रश्न समेटिएको पाइन्छ । प्रत्येक कथामा समावेश संक्षिप्त उत्तरात्मक प्रश्नहरू चार पाँच हरफसम्म उत्तर आउने खाले समेटिनु पर्दथ्यो । समावेश कथाहरुमा विषयगत प्रश्नको दाँजोमा वस्तुगत प्रश्नहरूको सङ्ख्यामा कमी देखिन्छ । वस्तुगत प्रश्नहरूमा पनि जोडा मिलाउने मात्र समावेश गरिएको छ । अन्य बहुबिकल्पी, खाली ठाउँ भर्ने र ठिक र बेठिक छुट्याउने प्रश्न पनि समावेश गर्नु पर्ने सुझाब दिन सकिन्छ । कथामा समावेश प्रश्नहरू विद्यार्थीको रूचि स्तर अनुसार नै देखिन्छन् । नमुना छनोटमा परेका ५ वटा विद्यालयका ३० जना विद्यार्थी र ५ जना शिक्षकसँगको अन्तर्वार्ता अनुसार पाठमा समावेश सबै खाले अभ्यास विद्यार्थीहरूले गर्ने गरेको पाइयो । शिक्षकहरूका अनुसार आधाभन्दा बढी विद्यार्थीहरूले मात्र अभ्यास गरेको तथ्य रहेको छ ।

नमुना छनोटमा परेका शिक्षक र विद्यार्थीहरूसँगको अन्तर्वार्ता र प्रश्नावलीको प्रति उत्तरमा पाठ र नमुना अभ्यासको अन्तर सम्बन्धलाई तलको तालिकाद्वारा देखाइएको छ :

तालिका नं. ९

कथाका पाठ र नमुना अभ्यासको सम्बन्ध सम्बन्धी विवरण

| क्र. सं. | पाठ र नमुना अभ्यास | कथाका पाठ र नमुना अभ्यासको सम्बन्ध | | |
|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न |
| १ | पाठ र नमुना अभ्यासको सम्बन्ध | २० (५७.१४%) | १० (२८.५७%) | ५ (१४.२८%) |

माथिको तालिकामा उल्लेख गरिए अनुसार उ.मा.वि. तहका कथा र नमुना अभ्यासको विश्लेषण गर्दा नमुना छनोटमा परेका ३५ जना शिक्षक र विद्यार्थीहरू सहभागी भएका छन् । पाठ र नुमना अभ्यासको अन्तर सम्बन्धमा सबैभन्दा उच्च २० जना (५७.१४%) ले अन्तर सम्बन्ध रहेको बताएका छन् । १० जना (२८.५७%) ले पाठ र अभ्यासको सम्बन्ध मध्यम रहेको बताएका छन् यसै गरी ५ जना (१४.२८%) ले कथा र नमुना अभ्यासको सम्बन्ध निम्न रहेको बताएका छन् । यसरी कथाका पाठ र नमुना अभ्यासको सम्बन्ध २० जना (५७.१४%) ले उच्च रहेको बताएका कारण पाठ र नमुना अभ्यासको सम्बन्ध घनिष्ट देखिन्छ ।

## ५.४ पाठ र व्याकरण सम्बन्धी अभ्यास

नेपाली भाषा पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूसँगै भाषिक शुद्धताका लागि व्याकरण अभ्यास पनि समेटेको पाइन्छ । त्यसै कारणले प्रत्येक कथाका पाठको अन्तमा व्याकरण र व्याकरण अभ्यास समावेश हुन्छन् । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठ र व्याकरण सम्बन्धी अभ्यासलाई तलको तालिकाद्वारा देखाइन्छ :

तालिका नं. १०

पाठ र व्याकरण सम्बन्धी अभ्यास

| क्र.सं. | पाठ | व्याकरण |
|---|---|---|
| १ | छिमेकी | अ) नेपाली अक्षरको पहिचान<br>आ) नेपाली अक्षरका प्रकार (स्व.व्य)<br>इ) शब्दलाई अक्षरमा विभाजन |
| २ | मधु मालतीको कथा | अ) लेख्य चिह्न र तिनको प्रयोग<br>आ) शब्दवर्ग : नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादि बोधक र निपातको पहिचान |
| ३ | रातभरि हुरी चल्यो | क) कारक र विभक्ति<br>अ) सरल र तिर्यक् कारक<br>आ) कारक : कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण<br>ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान<br>ग) ले, लाई, बाट, द्वारा, को, का, की, रो, रा, री तथा नो, ना, नी, मा, को प्रयोग |
| ४ | शत्रु | क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>ख) निर्धारित कथाबाट सरल, संयुक्त र मिश्र वाक्यको पहिचान |
| ५ | हारजित | वाक्य संश्लेषण (सरल वाक्यहरूलाई मिश्र वा संयुक्त वाक्यमा संश्लेषण) |

(स्रोत : उ.मा.वि. पाठ्यक्रम, २०६८)

**छिमेकी** कथामा नेपाली अक्षरको पहिचान, प्रकार र शब्दलाई अक्षरमा विभाजन गरिएको पाइन्छ । कथा र व्याकरणमा समेटिएको नमुना अभ्यासको घनिष्ट सम्बन्ध रहेको छ । नेपाली अक्षरको पहिचानमा छिमेकी कथामा प्रयोग भएका केही शब्द दिएर उच्चारण गर्नु होस् भनिएको छ ।

जस्तै : क्षमा, गोरू, कुलो, नेवार, ढाकर, झगडा, धनजिते, गुमाने, धर्मानन्द, आशामरु, घचेटा घचेट, लोग्ने स्वास्नी आदि दिएर अक्षर सङ्ख्या पत्ता लगाउनु होस् भनिएको छ (सबैको नेपाली, २०६८ : १३) ।

**मधुमालतीको कथा** कथामा लेख्य चिह्न र तिनको प्रयोग र शब्दवर्ग समावेश गरिएको पाइन्छ । लेख्य चिह्नहरूले विद्यार्थीहरूमा लेखाइ सिपलाई स्पष्ट पारी प्रभावकारी लेखनमा मद्दत पुऱ्याउने गर्दछ । उद्धरण, निर्देशन, पूर्णविराम, रिक्तता, अल्प विराम, बिकल्प बोधक, विस्मय सूचक, अर्ध विराम जस्ता लेख्य चिह्नहरूको प्रयोग गरिएको छ । शब्दवर्ग अन्तर्गत अविकारी पदवर्गमा नामयोगी, क्रियायोगी, संयोजक, बिस्मयादि बोधक, निपात आदिको उल्लेख गरिएको छ ।

जस्तै : - 'मधुमालतीको कथा' पढी पहिलो अनुच्छेदमा प्रयोग भएका संयोजक शब्दहरू टिप्नु होस् ।
- 'मधुमालतीको कथा' बाट निपात शब्दहरू खोजेर टिप्नु होस् ।
- 'मधु मालतीको कथा' पढी पहिलो अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नहरूको सूची बनाउनु होस् (सबैको नेपाली, २०६८ : ४३, ४४) ।

**रातभरी हुरी चल्यो** कथामा कारक र विभक्तिको पहिचान र प्रयोग राखिएको छ । कारक र विभक्तिको सही प्रयोगले विद्यार्थीहरूले भाषिक शुद्धा शुद्धीमा थप ज्ञान प्राप्त गर्दछन् । कारक र विभक्तिको पहिचानले भाषिक सिपमा समेत थप बल पुग्दछ । यस पाठ र व्याकरणको नमुना अभ्यास बिच घनिष्ट सम्बन्ध रहेको छ । जसले पाठमा सम्बन्धित शब्द र वाक्यलाई बुझ्न सहयोग गरेको छ ।

जस्तै : - 'रातभरि हुरी चल्यो' कथाबाट सरल र तिर्यक् कारकको प्रयोग भएका पाँच पाँच वाक्य खोज्नु होस् ।
- छ वटै कारकहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नु होस् ।
- ले, लाई, देखि, बाट, द्वारा, मा, को विभक्ति लागेका एक एक वाक्य पाठबाट टिप्नु होस् (सबैको नेपाली, २०६८ : ९९, १००) ।

**शत्रु** कथामा सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग शीर्षकको व्याकरण राखिएको छ । यसबाट विद्यार्थीहरूले सरल र जटिल वाक्य पहिचान गरी वर्गीकरण गर्न सक्नेछन् । यसबाट वाक्यलाई जोड्ने संयोजकहरू सम्बन्धी थप ज्ञान पनि लिन सक्छन् । पाठ र व्याकरण अभ्यासको सुमधुर सम्बन्ध रहेको छ । पाठमा रहेका वाक्यहरूको पहिचान सम्बन्धी नमुना प्रश्नहरू रहेका छन् । यसमा ७ वटा नमुना प्रश्नहरू रहेका छन् ।

जस्तै : - 'शत्रु' कथाको पहिलो अनुच्छेदबाट सरल वाक्यहरू खोज्नु होस् ।

- शत्रु कथाको छैठौं अनुच्छेदमा परेका संयुक्त वाक्यहरू पहिचान गरी टिपोट गर्नु होस् (सबैको नेपाली, २०६८ : १२६) ।

**हारजित** कथामा वाक्य संश्लेषण शीर्षकको व्याकरण समावेश गरिएको छ । यसमा सरल, संयुक्त र मिश्र वाक्यलाई संश्लेषण गर्न सिकाइएको छ । यस पाठको व्याकरणमा २ वटा नमुना प्रश्नहरू राखिएका छन् । व्याकरण पाठसँग सम्बन्धित भए पनि नमुना अभ्यासमा पाठसँग सम्बन्धित प्रश्नहरू रीखिएको पाइँदैन । त्यसैले पाठ र व्याकरण अभ्यास बिच तालमेल मिलेको पाइँदैन ।

जस्तै : - तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् :

हामी मुग्ध हुन्थ्यौं । हामी फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौं । ती कपासका फुलहरू छरिए झैं थिए । ती हावाको गतिसँगै यताउति खेल्थे । त्यो नौलो अनन्तमा ती छिन् छिनमा रूप बदल्थे (सबैको नेपाली, २०६८ : १५३) ।

माथि विश्लेषण गरिएका पाँच वटा कथाका पाठहरूमा विविध शीर्षकका व्याकरण समावेश गरिएका छन् । छिमेकी, मधुमालतीको कथा, रातभरि हुरी चल्यो र शत्रु कथामा राखिएका कथाका पाठ र व्याकरणमा समावेश नमुना अभ्यासको घनिष्ट सम्बन्ध रहेको छ हारजित कथाको व्याकरण र पाठसँगको सम्बन्ध रहेपनि नमुना अभ्यास र पाठ बिच सम्बन्ध रहेको छैन । नमुना छनोटमा परेका शिक्षक र विद्यार्थीहरूसँगको छलफल र प्रश्नावलीबाट पाठ र व्याकरण अभ्यासको अन्तर सम्बन्धलाई तलको तालिकाद्वारा देखाइएको छ :

तालिका नं. ११

कथाका पाठ र व्याकरण अभ्यासको सम्बन्ध सम्बन्धी विवरण

| क्र. सं. | पाठ र व्याकरण अभ्यास | कथाका पाठ र व्याकरण अभ्यासको सम्बन्ध | | |
|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न |
| १ | पाठ र व्याकरण अभ्यासको सम्बन्ध | २१ (६०%) | १२ (३४.२८%) | २ (५.७१%) |

माथिको तालिकामा उल्लेख गरिए अनुसार उ.मा.वि. तहका कथा र व्याकरण अभ्यासको विश्लेषण गर्दा नमुना छनोटमा परेका ३५ जना शिक्षक र विद्यार्थीहरू सहभागी भएका छन् । पाठ र व्याकरण अभ्यासको अन्तर सम्बन्धमा सबैभन्दा उच्च २१ जना (६०%) ले अन्तर सम्बन्ध रहेको बताएका छन् । १२ जना (३४.२८%) ले पाठ र व्याकरण अभ्यासको सम्बन्ध मध्यम रहेको बताएका छन् यसै गरी २ जना (५.७१%) ले कथा र व्याकरण अभ्यासको अन्तर सम्बन्ध निम्न रहेको बताएका छन् । यसरी कथाका पाठ र व्याकरण अभ्यासको सम्बन्ध २१ जना (६०%) ले उच्च बताएका कारण पाठ र व्याकरणको घनिष्ट सम्बन्ध देखिन्छ ।

# अध्याय : छ
# उपसंहार

## ६.१ निष्कर्ष

उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको छनोट र स्तरण, भाषिक सिप र पाठ र अभ्यासको सम्बन्धको विश्लेषण गर्दा निम्न लिखित निष्कर्षहरू निकालिएको छ :

क) पाठ्य पुस्तकको निर्माण गर्दा पाठ्यक्रमलाई प्रमुख आधार मानिन्छ । पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्य पुस्तकमा विषय वस्तुहरू समावेश गरिन्छन् । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा आधुनिक, सामाजिक र मनोवैज्ञानिक विषयका कथा मात्र समावेश गरिएका छन् । लोक कथा, नीतिकथा, पौराणिक कथा र ऐतिहासिक कथा बिचार प्रधान कथा समावेश गरिएको पाइएन ।

ख) उ.मा.वि. तहको अनिवार्य पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठ्यहरूको अन्तराल आख्यानका दृष्टिले मिले पनि कथाका पाठका दृष्टिले मिलेको छैन् । क्रमशः दोस्रो, चौथो, दशौँ, तेह्रौ र पन्ध्रौँ पाठमा कथाका पाठहरू समाविष्ट गरेकोले कुनैमा बढी र कुनैमा कम अन्तरालमा वितरण गरिएको छ ।

ग) पाठ्य पुस्तकमा राखिएका विषयवस्तुमा छनोट र स्तरणका दृष्टिले उपयुक्त हुनु पर्दछ । भाषा पाठ्य पुस्तकमा विविध विधाहरू कथा, कविता, उपन्यास, निबन्ध र नाटक छनोट गर्नुपर्दछ । यस पाठ्य पुस्तकमा राखिएका कथाका पाठहरू छनोटका दृष्टिले ध्यान दिइएको पाइँदैन । मधुमालतीको कथा, रातभरि हुरी चल्यो र हारजित कथाका पाठहरू अत्यन्त लामा भन् भने छिमेकी र शत्रु कथाहरू धेरै छोटा छन् ।

घ) उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाहरूले भाषिक सिपको विकास गर्नुका साथै सामाजिक, नैतिक, भ्रातृप्रेम, मनोवैज्ञानिक पक्षको चित्रण गर्नुका साथै मनोरञ्जन प्रदान गरेका छन् ।

ङ) नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिने कथा विधाले समाजमा विद्धमान विकृति, विसङ्गति र कुसंस्कारको अन्त्य गर्दै स्वच्छ समाजको निर्माण गर्नमा

सहयोग गर्नु पर्दछ । उ.मा.वि. तहमा समावेश गरिएका सबै कथाले स्वच्छ सामाजको निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ ।

च) नमुना अभ्यास र पाठको घनिष्ट सम्बन्ध हुनु पर्दछ । पाठको शिक्षण एकातिर र नमुना अभ्यास अर्कोतिर दिएको पाठ्य पुस्तक उपयोगी मानिदैन । उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथामा पाठ र नमुना अभ्यासको सम्बन्ध घनिष्ट देखिन्छ । किनकी कथासँग सम्बन्धित अभ्यास समावेश गरिएको पाइन्छ ।

छ) प्रश्नको निर्माण गर्दा विषयगत र वस्तुगत दुवै प्रकारका प्रश्नहरू भाषा पाठ्य पुस्तकमा समेट्नु पर्दछ । विषयगत र वस्तुगत प्रश्नहरूमा पनि प्रत्येक पाठमा विविध प्रकारलाई समेट्नु पर्दछ । तर यस उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा विषयगत र वस्तुगत प्रश्नहरू समेटिएका पाइए पनि विषयगत प्रश्नको तुलनात्मक रूपमा वस्तुगत प्रश्नको संङ्ख्या कमी रहेको छ । विषयगतमा संक्षिप्त र विवेचनात्मक प्रश्नहरू समावेश छन् भने वस्तुगत प्रश्नमा जोडा मिलाउने प्रश्नहरू मात्र समेटेको छ । ठिक बेठिक छुट्याउने, खाली ठाउँ भर्ने र बहुबैकल्पिक प्रश्नहरू समेट्न सकेको पाइँदैन ।

ज) पाठ र व्याकरणको घनिष्ट सम्बन्ध हुन्छ । पाठमा भए गरेका कुराहरूलाई व्याकरणले भाषामा निखार ल्याउनका लागि राखिन्छ । यस उ.मा.वि. तहको नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठ र व्याकरणको सम्बन्ध घनिष्ट छ । तर अन्य पाठमा घनिष्ट सम्बन्ध भए पनि 'हारजित' कथाको व्याकरण अभ्यासमा पाठसँग सम्बन्धित कुरा नसमेटिएकाले तालमेल मिलेको देखिदैन ।

झ) भाषा पाठ्य पुस्तकमा समावेश कथाका पाठहरूको क्षेत्र र क्रम मिलेको हुनु पर्दछ । कथाको छनोट गर्दा विभिन्न क्षेत्रसँग सम्बन्धित कथा छनोट गर्नु पर्दछ । ती छनोट गरिएका कथालाई क्रमिक रूपमा अन्तराल मिलाएर राख्नु पर्दछ । यस उ.मा.वि तहको पाठ्य पुस्तकमा कथा विधाको क्षेत्र र क्रम मिलेको पाइँदैन ।

ञ) यस उ.मा.वि. तहका कथामा पाठहरूको पाठ्यभार पर्याप्त भएको पाइन्छ भने अङ्क विभाजन पनि सन्तोषजनक रहेको छ ।

## ६.२ सुझाबहरू

उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको छनोट र स्तरण, भाषिक सिप र पाठ र अभ्यासको सम्बन्धको विश्लेषण गर्दा निम्न लिखित सुझाबहरू दिन सकिन्छ ।

क) यस उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा आधुनिक सामाजिक र मनोवैज्ञानिक कथाहरू मात्र समावेश गरेको पाइन्छ । लोक कथा पौराणिक कथा र ऐतिहासिक कथाहरू समावेश गरिनु पर्ने देखिन्छ ।

ख) उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाका पाठहरूको समय अन्तराल मिलाउनु पर्ने देखिन्छ ।

ग) भाषा पाठ्य पुस्तकमा समावेश कथा विधाले सामाजिक, कुरीति, विसङ्गति, कुसंस्कारको अन्त्य गर्दै स्वच्छ समाजको निर्माण गर्न मद्दत गर्नु पर्दछ ।

घ) भाषा पाठ्य पुस्तकमा समावेश गरिने कथाका पाठहरूको विषय वस्तु छनोट र स्तरण गर्दा विद्यार्थीको रूचि, तह, क्षमता, आवश्यकता र मनोवैज्ञानिक स्तर आदि कुराहरूलाई विशेष ध्यान दिनु पर्दछ ।

ङ) भाषा पाठ्य पुस्तकमा समावेश कथाहरूले भाषिक सिपको विकास गर्नुका साथै सन्देशमूलक ज्ञानमा सहयोग गर्नु पर्दछ ।

च) भाषा पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको छनोट गर्दा विविध क्षेत्रबाट कथाका पाठहरू समेटेर वैज्ञानिक तरिकाले क्रमिक रूपमा स्तरण गरिनु आवश्यक हुन्छ ।

छ) भाषा पाठ्य पुस्तकमा समावेश कथामा पाठहरूले सैद्धान्तिक ज्ञान दिनु मात्र नभई देशमा आवश्यकता पर्ने व्यवहारिक ज्ञान बढाउने राष्ट्र र राष्ट्रियताप्रति बफादार गराउने कथा समावेश गरिनु पर्दछ ।

ज) नमुना अभ्यासको निर्माण गर्दा पाठसँग सम्बन्धित अभ्यासहरू समावेश गरिनु पर्दछ ।

झ) नमुना अभ्यासको छनोट गर्दा पाठसँग सम्बन्धित विषयगत र वस्तुगत दुवै खाले प्रश्नको छनोट गर्नु पर्दछ ।

ञ) नमुना अभ्यासमा समावेश गरिने व्याकरणको परिचय र परिभाषा दिनुका साथै उदाहरण समेत दिएर व्याकरण अभ्यास समावेश गर्नु पर्दछ ।

ट) उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाका पाठहरूमा राखिएका नमुना अभ्यासमा विषयगत प्रश्न स्वाभाविक रहे तापनि वस्तुगत प्रश्नको मात्रा कम रहेको पाइन्छ । वस्तुगत प्रश्नहरूमा पनि बहुबिकल्पी, खाली ठाउँ गर्ने र ठिक बेठिक प्रश्नलाई ध्यान नदिएर मात्र जोडा मिलाउने प्रश्नलाई समेटेकाले सबै प्रकारलाई समेट्न आवश्यक छ ।

ठ) भाषा पाठ्य पुस्तकमा समावेश कथामा पाठहरूको लम्बाइ समानुपातिक हुनु पर्दछ । यस उ.मा.वि. तहको भाषा पाठ्य पुस्तकमा समावेश कथाहरू कुनै अति लामा र कुनै अति छोटा भएकाले एकरूपता पाइँदैन ।

ड) कथामा घटनाको वर्णनका साथै प्रशस्त स्तर सुहाउँदा चित्रहरू समावेश गरिनु पर्दछ । जसले विद्यार्थीमा छिटो विषय वस्तुको ज्ञान हुन सकोस् ।

ढ) कथाहरू छनोट गर्दा नेपाली प्रतिनिधि चर्चित कथाकारहरूका कथाहरू समावेश गरिनु पर्दछ । पाठको सुरू भागमा नै कथाकारको संक्षिप्त परिचय र विशेषताका साथै कृतिहरू उल्लेख गरिनु पर्दछ । तर यस उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाका पाठहरूमा कथाको अन्तमा कथाकार परिचय समावेश गरिएको छ । कथाकारका कथात्मक विशेषता समावेश गरिएको पाइँदैन । यी कुराहरू पाठको सुरूमा नै समावेश गर्नु पर्ने देखिन्छ ।

## ६.३ शोधकार्यको शैक्षिक उपयोगिता

शोध कार्य आफैमा जटिल कार्य हो । यसले शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । शोध कार्यले गर्ने शैक्षिक सहयोगलाई नै शोध कार्यको उपयोगिता भनिन्छ । यस शोध कार्यका निम्नानुसार शैक्षिक उपयोगिता रहेका छन् :

क) यस शोधपत्रले भावि अनुसन्धातालाई सहयोग गर्न सक्छ ।

ख) उ.मा.वि. तहमा अध्यापन गर्ने र गर्न चाहने शिक्षकहरूलाई मार्ग निर्देशन गर्न सक्छ ।

ग) कथाका अध्यता तथा पाठकहरूलाई सहयोग गर्नसक्छ ।

घ) यस शोधपत्रले उ.मा.वि. तहका विद्यार्थीहरूलाई भाषिक सिप, शब्द भण्डारको बोध गराएर उखान टुक्का समेतको जानकारी गराउन सक्छ ।

ङ)	विद्यार्थीहरूलाई राष्ट्र र राष्ट्रियताप्रति स्वाभिमान, एकता, भ्रातृप्रेम, कर्तव्यपरायण र समाज सुधारमा लाग्न प्रेरित गराउन सक्छ ।

च)	यस शोधपत्रले विद्यार्थीहरूलाई जीवन उपयोगी ज्ञानका साथै व्याकरण सम्बन्धी धारणाको विकास गराउन यस शोधकार्यको शैक्षिक उपयोगिता हो ।

## ६.४ सम्भाव्य शीर्षकहरू

शोध कार्य आफैमा जटिल र चुनौतिपूर्ण कार्य हो । हालसम्म विभिन्न तहमा समावेश कथा, कविता, निबन्ध, जीवनी र व्याकरण जस्ता विधामा शोध लेखन भई सकेको पाइन्छ । भाषा पाठ्य पुस्तकामा त्यस्ता विधाहरू समावेश गरिएका हुन्छन् । ती विधाहरूमा शोध कार्य गर्न सकिन्छ । यस शोधपत्रमा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कथाका पाठहरूको विश्लेषण गरिएको छ । यस उ.मा.वि तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश विविध विधामा आधारित भएर शोध कार्य गर्न सकिने भएकाले भावी अनुसन्धाताका लागि निम्नानुसारका शीर्षकमा रहेर शोध कार्य गर्न सकिने छ :

क)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश कविताका पाठहरूको विश्लेषण,

ख)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश निबन्धका पाठहरूको शैक्षिणिक उपयोगिताको अध्ययन,

ग)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको शिक्षण गर्दा प्रयोग गरिने विधिहरूको अध्ययन,

घ)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यास सम्बन्धी विश्लेषण,

ङ)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश गरिएका व्याकरणिक एकाइको अध्ययन,

च)	उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समावेश शब्दभण्डारको विश्लेषण,

छ)	पाठ्यक्रम अनुरूपताका आधारमा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकको एक अध्ययन ।

# सन्दर्भ सूची

अधिकारी, हेमाङ्ग राज र केदार शर्मा, (२०५६), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

उ.मा.वि. शिक्षा परिषद् (२०६८), **सबैको नेपाली**, ललितपुर : साझा प्रकासन ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं : स्टुडेन्ट बुक्स एण्ड डिस्टिब्युटर्स ।

खनिया, बुद्धराज र अन्य, (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : जुपिटर प्रकाशन प्रा.लि. ।

गौतम, राम प्रसाद (२०६५), **अनुसन्धान विधि**, कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दाहाल, (२०५६), **भाषा पाठ्य पुस्तक तथा शिक्षण पद्धति** भोटाहिटी : एम्.के.पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पराजुली, ठाकुर प्रसाद र अन्य (सम्पादन) (२०६४), **सबैको नेपाली (दोस्रो संस्करण)**, ललितपुर : साझा प्रकाशन

पौडेल, नेत्र प्रसाद, (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, माघव प्रसाद (२०६७), **भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, हिममाया (२०६७), **भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक पद्धति**, काठमाडौँ : कामक्ष प्रकाशन ।

बन्धु, चूडामणि (२०५२), **नेपाली भाषाको उत्पत्ति**, काठमाडौं : साझा प्रकाशन ।

**बृहत नेपाली शब्दकोश** (२०४०), काठमाडौं : ने. रा. प्र. प्र. ।

भट्राई, राम प्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकासन ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **नेपाली भाषा शिक्षण**, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

रिमाल, डिल्लीराम (२०५३), **नेपाली भाषा शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६५), **नेपाली गद्य, भाषा र साहित्य, कीर्तिपुर** : सन लाइट पब्लिकेशसन ।

लम्साल, रामचन्द्र, वासुदेव गौतम र अन्य (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : भुँडी पुराण प्रकाशन ।

लामिछाने, यादव प्रकाश र दुर्गा लामिछाने (२०६६), **नेपाली गद्य र नाटक,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

ज्ञवाली, राम प्रसाद (२०६८), **नेपाली गद्य, साहित्य र भाषा**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

# शोधपत्रहरू


खनाल, दुर्गा (२०५९) **कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर ।

जैसी, नवराज (२०६८), **कक्षा ६ को हाम्रो नेपाली पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको शैक्षणिक उपयोगिताको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर ।

पोखरेल, टीकादत्त (२०५५), **माध्यमिक तहको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर ।

भट्टराई, इलोमा (२०६१), **कक्षा ७ को नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर ।

रेग्मी, भानुभक्त, (२०५६), **शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली किताबका कथाका पाठहरूको विश्लेषण,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर ।

**परिशिष्ट : १**

**शोधपत्रसँग सम्बन्धित प्रश्नपत्र २०६९/२०७०**

**शिक्षकका लागि प्रश्नावली**

शिक्षकको नाम/थर : ..............................................................................

विद्यालय : ...........................................................................................

१) पाठ्यक्रम अनुरूप उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा कथाको छनोट भएको छ ?

क) छ ख) छैन

ग) थाहा छैन

२) कथाको विषय वस्तु र अभ्यासको सम्बन्ध कस्तो छ ?

क) उच्च ख) मध्यम

ग) न्यून

३) कस्ता विषय वस्तु भएका कथाहरू विद्यार्थी पढ्न रूचाउँ छन् ?

क) सामाजिक ख) नीतिकथा

ग) लोक घ) मनोवैज्ञानिक

४) उ.मा.वि. तहमा प्रयुक्त कथाहरू विद्यार्थीको स्तर, रूचि अनुसार विषय वस्तु छन् वा छैनन् ?

क) छन् ख) छैनन्

५) पाठ्यक्रमले तोकेको पाठ घन्टी कथालाई कतिको उपयुक्त छ ?

क) प्रर्याप्त ख) कम

ग) थप्नु पर्ने

६) शिक्षण गरिसकेपछि सबै जना विद्यार्थी अभ्यास गर्छन् ?

क) सबैले गर्छन् ख) कोही गर्दैनन्

ग) केही मात्र गर्छन्

७) बोध गम्यताका हिसाबले सबै भन्दा उपयुक्त कथा कुन हो ?

क) कथाको नाम ......................................................................

८) दिइएका पाठहरूबाट विद्यार्थीको भाषिक क्षमता मूल्याङ्कन गर्न सकिन्छ ?

क) सकिन्छ ख) सकिदैन

९) पाठ्यपुस्तकमा समावेश गरिएका कथाको मुख्य प्रयोजन केलाई ठान्नु हुन्छ ?

क) मनोविज्ञान ख) विश्वबन्धुत्त्व

ग) मनोरञ्जन घ) सामाजिक अवस्थाको चित्रण गर्नु

१०) उ.मा.वि. तहको पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको सम्बन्धमा तपाईको के धारणा छ ?

क) ..............................................................................

११. पाठ र अभ्यासको अन्तर सम्बन्ध कस्तो रहेको छ ?

क) ...........................................................................................

**परिशिष्ट : २**

## शोधपत्रसँग सम्बन्धित प्रश्नपत्र २०६९/२०७०
## विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नाम/थर : .......................................................................
विद्यालय : .............................................कक्षा : .......... रोल नं. : .....

१) तपाईलाई उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा भएका विधामध्ये कुन विधा बढी मन पर्छ ?
क) कविता ख) कथा
ग) निबन्ध घ) उपन्यास

२) तपाईलाई पढ्न सबभन्दा बढी रूचि लागेको कथा कुन हो ?
क) कथाको नाम ........................................................

३) कथा पढि सकेपछि अभ्यास गर्नु हुन्छ ?
क) गर्छु ख) गर्दिन

४) कथामा दिइएका अभ्यासहरू र पाठको सम्बन्ध कस्तो रहेको छ ?
क) उच्च ख) मध्यम
ग) न्यून

५) तपाईले नबुझ्केको कथा कुन हो ? नाम लेख्न होस् ।
क) कथाको नाम .......................................................................

६) बुझ्नलाई सबभन्दा सरल कथा कुन हो ? नाम उल्लेख गर्नुहोस् ।
क) कथाको नाम .......................................................................

७) कथा पढ्दा सब भन्दा लामो लागेको कथा कुन हो ? नाम लेख्नुहोस् ।
क) कथाको नाम .......................................................................

९) कथामा कस्ता विषयवस्तु भइदिए हुन्थ्यो जस्तो लाग्छ ?
क) मनोरञ्जनात्मक ख) सामाजिक
ग) ऐतिहासिक घ) भूतप्रेतका

१०) कथा शिक्षणबाट कस्तो क्षमताको विकास भए जस्तो लाग्छ ?
क) अभिव्यक्ति ख) बोध
ग) अलिकति बुझिन्छ

११) कथा र व्याकरण अभ्यासको अन्तर सम्बन्ध कस्तो छ ?
क) उच्च ख) मध्यम
ग) न्यून